# प्रदेश सरकारको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/८०

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कोशी प्रदेश, विराटनगर

नेपाल

विषय सूची


परिच्छेद-एक ........ १

प्रारम्भिक ........ १

१.१ परिचय ........ १

१.२ पृष्ठभूमि ........ १

१.३ उद्देश्य ........ २

१.४ विधि ........ ३

१.५ सीमा ........ ३

परिच्छेद-दुई ........ ४

प्रादेशिक वस्तुगत स्थिति ........ ४

२.१ भौगोलिक अवस्थिति र राजनीतिक विभाजन ........ ४

२.२ ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्ष ........ ४

२.३ जनसङ्ख्या ........ ५

२.४ प्राकृतिक श्रोत तथा जैविक विविधता ........ ६

२.५ जातजाति र भाषाभाषी ........ ६

२.६ गार्हस्थ्य उत्पादन र राजस्व ........ ७

२.७ रोजगारी ........ ७

२.८ भू-बनोट र उपयोग ........ ७

२.९ वन क्षेत्र तथा निकुञ्ज ........ ८

२.१० कृषि, उद्योग र सहकारी ........ ८

२.११ पूर्वाधार ........ ८

२.१२ मानव विकास ........ ९

परिच्छेद-तीन ........ १०

शासकीय सुधार तथा सुशासन सम्बन्धमा भएका कार्यहरु ........ १०

३.१ शासकीय सुधार तथा सुशासन सम्बन्धमा भएका व्यवस्थाहरु ........ १०

३.२ कोशी प्रदेश सरकारको आ. व. २०७९/८० को बजेट कार्यान्वयनको अवस्था ........ ११




नि. प्रमुख सचिव

३.३ कोशी प्रदेश सरकारको मन्त्रालय तथा निकायगत वजेट र खर्चको विवरण ..... ११
३.४ प्रदेश सरकारबाट हालसम्म तर्जुमा भएका प्रदेश कानूनहरूको विवरण ..... १३
३.५ सुशासन कायम गर्ने सम्वन्धमा प्रदेश सरकार बाट भएका मुख्य मुख्य प्रयासहरु ..... १३
**परिच्छेद-चार ..... १६**
विषयगत मन्त्रालय/निकायहरुको वार्षिक प्रगति ..... १६
४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ..... १६
४.२ आन्तरिक मामिला तथा कानून मन्त्रालय ..... २१
४.३ आर्थिक मामिला तथा योजना मन्त्रालय ..... ३०
४.४ उद्योग, कृषि तथा सहकारी मन्त्रालय ..... ३४
४.५ समाजिक विकास मन्त्रालय ..... ४४
४.६ स्वास्थ्य मन्त्रालय ..... ४८
४.७ पर्यटन, वन तथा वातावरण मन्त्रालय ..... ५५
४.८ भौतिक पूर्वाधार विकास मन्त्रालय ..... ६०
४.९ खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय ..... ६६
४.१० कोशी प्रदेश सभा सचिवालय ..... ७१
४.११ प्रदेश लोक सेवा आयोग ..... ७५
४.१२ प्रदेश योजना आयोग ..... ७६
४.१३ मुख्य न्यायाधिवक्ताको कार्यालय ..... ७८
**परिच्छेद-पाँच ..... ८०**
निष्कर्ष ..... ८०
**अनुसूची-१ ..... ८१**
**अनुसूची-२ ..... ८२**



नि. प्रमुख सचिव

# परिच्छेद-एक

## प्रारम्भिक

### १.१ परिचय

देशको पुर्वी भागमा अवस्थित कोशी प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. रहेको छ। जनगणना २०७८ अनुसार कूल जनसंख्या ४९,७२,०२१ रहेको यस प्रदेशमा जातीय र भाषिक विविधता रहेको छ। यस प्रदेशमा विश्वकै सर्वोच्च सगरमाथा लगायत कञ्चनजङ्गा, मकालु, चोयु, ल्होत्से आदि हिमालहरुको अवस्थितिले मित्र राष्ट्र चीनसँग प्राकृतिक सीमाको समेत काम गरेको छ। यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछ। यस प्रदेशमा इलामको अन्तुडाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चे बजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका पर्यटकीय स्थलहरु समेत रहेका छन्।

यस प्रदेश अन्तरगत तीन हिमाली जिल्लाका २७ गाउँपालिका तथा नगरपालिका, तराईका तीन जिल्लाका ४४ गाउँपालिका तथा नगरपालिका र आठ पहाडी जिल्लाका ६६ गरी कुल १३७ गाउँपालिका तथा नगरपालिकाहरु रहेका छन् जसमध्ये एक महानगरपालिका, दुई उप-महानगरपालिका, ४६ नगरपालिका र बाँकी ८८ गाउँपालिकाहरु रहेका छन्। कोशी प्रदेशमा प्रदेश सभाका लागि ५६ वटा निर्वाचन क्षेत्रहरु रहेकोमा प्रत्यक्ष निर्वाचन तर्फ ५६ र समानुपातिक निर्वाचन तर्फ ३७ गरी जम्मा ९३ जना प्रदेश सभा सदस्यहरु रहने गरी प्रदेश सभा गठन हुने व्यवस्था रहेको छ। त्यसैगरी प्रदेश सभामा कूल ७ वटा विभिन्न विषयगत सिमितिहरु रहने व्यवस्था रहेको छ।

### १.२ पृष्ठभूमि

वि. सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गरेको छ। प्रदेश सभाको पहिलो निर्वाचन सम्पन्न भई २०७४ साल फागुन ३ गतेका दिन पहिलो पटक कोशी प्रदेश प्रदेश सरकार गठन भएको हो। नेपालको संविधानले निर्देश गरेका विकास, आर्थिक समृद्धि तथा सामाजिक रुपान्तरण सम्बन्धी अभिभारा कार्यान्वयन गर्दै यस प्रदेशको आवधिक योजनाले निर्दिष्ट गरेको स्वच्छ, सुखी र समुन्नत प्रदेश को लक्ष्य, दिगो



नि. प्रमुख सचिव

विकासका लक्ष्य र राष्ट्रिय लक्ष्यहरुसँग तादाम्यता कायम हुने गरी कोशी प्रदेशको प्रदेश सरकारले आफ्नो सोच प्रस्तुत गरेको छ। यस प्रदेशले पहिलो आवधिक योजना अवधिमा औषत १०.२ प्रतिशतको आर्थिक वृद्धि प्राप्तिको परिकल्पना गर्दै प्रदेशलाई समृद्ध र नागरिकलाई सुखी बनाउने प्रतिवद्धता व्यक्त गरेको छ। सबै प्रकारका विभेद र असमानतालाई अन्त्य गर्दै सम्पूर्ण नेपालीलाई सार्वभौमसत्ता सम्पन्न बनाई आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्दै समतामूलक समाजको निर्माण, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संबैधानिक दूरदृष्टिलाई कार्यरुपमा रुपान्तरण गर्न संघ, प्रदेश र स्थानीय तहबीच उचित समन्वय एवम् सहकार्य हुन जरुरी छ।

प्रदेशमा सुशासनको प्रत्याभूती गर्नका लागी सर्वसाधारणमा पुऱ्याउनु पर्ने सेवा छिटो, छरितो, पारदर्शी, जनमुखी, मितव्ययी तथा प्रभावकारी वनाउने उद्देश्यले ल्याइएको "प्रदेश सुशासन (व्यवास्थापन तथा सञ्चालन) ऐन, २०७६" को दफा ४१ (१) वमोजिम प्रदेश मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले आ .व. २०७९/८० मा आफुले सञ्चालन गरेका कार्यक्रम, कार्यक्रम सञ्चालनबाट प्राप्त उपलव्धी, कार्यान्वयनका सम्वन्धमा देखिएका समस्या तथा सोको समाधान गर्न गरिएका प्रयासहरुलाई समेटेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विभिन्न मन्त्रालय र प्रदेशस्तरीय कार्यालयहरुबाट पेश भएका प्रतिवेदनलाई समावेश गरी उक्त ऐनको दफा ४१ (३) वमोजिम यो प्रतिवेदन तयार गरिएको छ।

## १.३ उद्देश्य

यस प्रतिवेदनको उद्देश्य निम्न बमोजिम रहेका छन्

- प्रदेश सुशासन (व्यवास्थापन तथा सञ्चालन) ऐन, २०७६" को दफा ४१ (१) बमोजिम प्रदेश सरकारले आ. व. २०७९/८० मा आफुले सञ्चालन गरेका कार्यक्रम, कार्यक्रम सञ्चालनबाट प्राप्त उपलव्धी सम्बन्धी एकीकृत विवरण तयार गर्नु।
- प्रदेश सरकारबाट सम्पादित कार्यहरुको सम्बन्धमा सरोकारवाला निकाय तथा नागरिकहरुलाई जानकारी उपलब्ध गराउनु।



नि. प्रमुख सचिव

## १.४ विधि

यस प्रतिवेदनमा प्रयोग भएका तथ्याङ्क, सूचना तथा विवरणहरु मुलतः द्वितीय स्रोतबाट लिइएको छ। प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायबाट प्राप्त प्रगति विवरण साथै प्राथमिक स्रोतको रुपमा सम्बन्धित मन्त्रालय तथा निकायका जिम्मेवार पदाधिकारीहरुसँग सघन छलफल एवं अन्तर्क्रिया समेत गरिएका छन्।

## १.५ सीमा

- यो अध्ययन प्रतिवेदन तयार गर्नको लागि छोटो समय सीमा रहेको थियो।
- हाल कायम रहेका ९ वटा मन्त्रालय र निकायहरुको कार्यसम्पादनलाई आधार मानी सो मन्त्रालय तथा निकायबाट प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।



नि. प्रमुख सचिव

मुख्यमन्त्री प्रदेश सरकार तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

# परिच्छेद-दुई

## प्रादेशिक वस्तुगत स्थिति

### २.१ भौगोलिक अवस्थिति र राजनीतिक विभाजन



हिमाल, पहाड र तराई तीनै प्रकारको भौगोलिक धरातल समेटिएको यो प्रदेशमा संसारकै अग्लो हिमाल सगरमाथा (८,८४८.८६ मि.) लगायत कञ्चनजङ्घा, लोत्से, मकालु र चोयु पर्दछन्। यसैगरी नेपालकै सबैभन्दा होचो ठाउँ केचना (५८ मिटर) समेत यसै प्रदेशमा पर्दछ। यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर (मुलुकको कुल क्षेत्रफलको १७.६ प्रतिशत) रहेको छ। कुल क्षेत्रफलको १८ प्रतिशत तराईमा र ८२ प्रतिशत पहाड र हिमाली प्रदेशमा पर्छ। कोशी प्रदेश पूर्वी नेपालका १४ जिल्लालाई समेटेर बनाइएको छ जस अन्तर्गत १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तह छन्।

राजनैतिक दृष्टिले यो प्रदेश सचेत र परिवर्तनकारी नागरिकको उपस्थिति भएको प्रदेश हो। नेपालको लोकतान्त्रिक एवम् वामपन्थी आन्दोलनको उद्भवको रुपमा रहेको यस प्रदेशका वीर सपूतहरूले लोकतन्त्र, गणतन्त्र तथा जनताका सार्वभौम अधिकारका लागि सहादत प्राप्त गरेका छन्। २००७ साल पछि मुलुकले आधा दर्जन भन्दा बढी प्रधानमन्त्री यसै प्रदेशबाट पाएको छ। राजनैतिक परिवर्तनको नेतृत्वदायी भूमिकामा यो प्रदेश अग्रणी नै रहेको छ।

### २.२ ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्ष

किराँत धर्मगुरु फाल्गुनन्द, सिरिजङ्गा, बालगुरु षडानन्द, सामाजिक अभियन्ता योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान् विदुषीहरू जन्मेको यो प्रदेश ऐतिहासिक, सांस्कृतिक तथा पौराणिक दृष्टिकोणले महत्वपूर्ण छ। किराँत राजादेखि महाभारतकालीन विराट राजासम्मको राज्य रहेको यो प्रदेशमा धार्मिक शक्तिपीठहरू तथा पौराणिक महत्वका स्थलहरू पाथीभरा, हलेसी महादेव, बराहक्षेत्र, दन्तकाली,




नि. प्रमुख सचिव

सिद्धकाली, विष्णुपादुका, किचक बध, अर्जुनधारा, पिण्डेश्वरी धाम, बौद्ध धर्मावलम्वीको प्रसिद्ध स्थल साङ्ग्रिला वा स्वर्ग भनी उल्लेख गरिएको ठाउँ खेम्पालुङ तथा तेङ्बोचे गुम्बा तथा किराँतकालीन इतिहास र संस्कृतिसँग जोडिएका धेरै स्थल पर्दछन्।

## २.३ जनसङ्ख्या

२०७८ को जनगणना अनुसार प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ रहेको छ जुन मुलुकको कुल जनसङ्ख्याको १७.१ प्रतिशत हो। कोशी प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.८६ प्रतिशत रहेको छ। प्रदेशगत रुपमा जनसंख्याको वितरण सबै भन्दा धेरै जनसंख्या वागमति प्रदेशमा २०.९७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ५.७९ रहेकोमा कोशी प्रदेशमा १७.०३ प्रतिशत सहित चौथो स्थानमा रहेको छ। जनसङ्ख्याको वितरण तराईमा ५३.६१ प्रतिशत, पहाडमा ४०.३१ प्रतिशत र हिमालमा ६.०८ प्रतिशत छ। यसरी प्रदेशको जनघनत्व १९२ प्रति वर्ग कि.मि. भए पनि तराईमा ४६०, पहाड १९२ र हिमालमा ३४ प्रति वर्ग कि.मि. मात्र छ। २०६८-२०७८ को अवधिमा कोशी प्रदेशका १० वटा जिल्लाको औसत वार्षिक जनसङ्ख्या बृद्धि दर नकारात्मक रहेको छ भने जनसंख्या वृद्धिदर धनात्मक भएका जिल्लाहरुमा उदयपुरमा ०.६८ प्रतिशत, झापामा १.९७ प्रतिशत, मोरङमा १.६६ प्रतिशत र सुनसरीमा १.८६ प्रतिशत रहेका छन्।

उमेर समूह अनुसार जनसङ्ख्याको वितरण (लाख)




स्रोतः राष्ट्रिय जनगणना २०७८



प्रमुख सचिव

प्रदेशमा १५-५९ उमेरको श्रम सक्षम जनसङ्ख्या ६३ प्रतिशत छ। २६ प्रतिशत १५ वर्ष मुनी र ११ प्रतिशत जनसंख्या ५९ प्रतिशत रहेको छ। यही वृद्धिदरमा जनसंख्या वृद्धि हुने हो भने अबको ८१ वर्षमा कोशी प्रदेशको जनसंख्या दोव्वर अर्थात १ करोड पुग्ने देखिन्छ। वर्तमानमा कोशी प्रदेशलाई जनसांख्यिकी लाभ प्राप्त भएको छ किनभने हाल ६३ प्रतिशत जनसंख्या काम गर्न सक्ने अवस्थामा छन्।

## २.४ प्राकृतिक श्रोत तथा जैविक विविधता

हिमाल, पहाड र तराईको जैविक विविधता, विश्व प्रख्यात गुराँसको वन लगायत धार्मिक तथा सांस्कृतिक महत्वका अनगिन्ती स्थानको सङ्गम स्थल यस प्रदेशमा वातावरणीय विविधता पनि प्रचुर मात्रामा छ। विश्वमा नै अति दुर्लभ मानिएको रातो पाण्डादेखि संसारमा कतै पनि नपाइएको चरा काँडे भ्याकुरसम्मको वासस्थान पनि यस प्रदेशमा रहेकोछ। प्रस्तावित लालीगुराँस संरक्षण क्षेत्र (तीनजुरे मिल्के, जलजले) लगायत माइपोखरी, जामुनखाडी लगायत दर्जनौं सीमसार क्षेत्र तथा बर्जु ताल, सभापोखरी लगायतका तालतलैयाको पर्यावरणीय विविधता यो प्रदेशको विशिष्टता हो। विश्वका अग्ला हिम शिखरमध्ये सर्वोच्च शिखर सगरमाथा, कञ्चनजङ्घा, लोत्से, मकालु र चोयु यही प्रदेशमा पर्दछन्। यसका साथै सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र, कञ्चनजङ्घा संरक्षित क्षेत्र, कोशीटप्पु वन्यजन्तु आरक्ष लगायतका प्राकृतिक सम्पदा पनि यसै प्रदेशमा पर्दछन्।

## २.५ जातजाति र भाषाभाषी

मेचीको तिरदेखि सगरमाथाको शिरसम्म पुग्दा थारू, धिमाल, राजवंशी, सन्थाल, उराव, मुस्लिम, क्षेत्री, ब्राह्मण, नेवार, तामाङ, मगर, राई, लिम्बू, गुरुङ, शेर्पा, भोटे, मेचे जस्ता विविध जनजाती तथा तिनको फरक-फरक धर्म र संस्कृति लिएर यो प्रदेश बसेको छ। नेपालको कूल जनसंख्याको १७ प्रतिशत जनसंख्या यस प्रदेशमा वसोवास रहेको छ।

प्रदेशमा जातिगत विविधता भएपनि प्रदेशमा वसोवास गर्ने मुख्य जातीय समुदायमा मुख्यतय क्षेत्रि, ब्राम्हण, मगर, थारु, तामाङ, नेवार लगायतको जातिको वसोवास रहेको छ। यो प्रदेश राई र लिम्बू जातिको ऐतिहासिक बसोबासको क्षेत्र हो। जम्मा १३० जातजातिको वसोवास रहेको यस प्रदेशमा नेपालका झन्डै ९३.४ प्रतिशत लिम्बू र ७९ प्रतिशत राई जातिको वसोवास रहेको छ। प्रदेशको कूल जनसंख्याको ४५.३ प्रतिशत जनसंख्याको मात्रि भाषा नेपाली रहेको छ भने मैथिलि ११.७ प्रतिशत, याक्थुम्बा/लिम्बू ६.७० प्रतिशत, थारु ४.४ प्रतिशत, तामाङ ३.५३ प्रतिशत, वान्तवा २.७० प्रतिशत रहेका छन्। जातिगत हिसाबमा ताप्लेजुङ, पाँचथर र तेह्रथुममा लिम्बू जातिको बाहुल्य छ भने



नि. प्रमुख सचिव

खोटाङ, इलाम, भोजपुर र सोलुखुम्बुमा राईको। यसै गरी झापा र मोरङमा पहाडी ब्राह्मणको र सङ्खुवासभा, धनकुटा, ओखलढुङ्गा र उदयपुरमा क्षेत्रीको बाहुल्य छ। सुनसरी जिल्लामा थारूको बाहुल्यता छ। भाषाका सन्दर्भमा ताप्लेजुङ र पाँचथरमा लिम्बू भाषीको र अन्य जिल्लामा नेपाली भाषीको सङ्ख्या उल्लेखनीय छ।

## २.६ गार्हस्थ्य उत्पादन र राजस्व

आर्थिक वर्ष २०७९/८० को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु. ५३ खर्ब ८१ अर्ब ३३ करोड मध्ये कोशी प्रदेशको अंश रु. ८ खर्ब ४९ अर्ब ६५ करोड (१५.८ प्रतिशत) रहने अनुमान छ। गत आर्थिक वर्षमा पनि यस्तो अंश १५.८ प्रतिशत रहेको थियो। जसमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.२ प्रतिशत, १६.८ प्रतिशत र ५० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको आर्थिक बद्धि दर २.३८ प्रतिशत रहने अनुमान छ।

## २.७ रोजगारी

कोशी प्रदेशमा आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसार संलग्न कूल २८ लाख ३४ हजार ८८ जनसङ्ख्यामध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ६२.७ प्रतिशत संलग्न रहेका छन्। त्यसैगरी थोक एवम् खुद्रा व्यापारमा ११.१ प्रतिशत, निर्माणमा ७ प्रतिशत, औद्योगिक उत्पदनमा ४.१ प्रतिशत र अन्य सेवामा २.८ प्रतिशत जनसंख्या संलग्न रहेका छन्। कोशी प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका ४१ लाख २७ हजार ९४ व्यक्तिमध्ये २९ लाख ३२ हजार २ सय ९ (७१ प्रतिशत) आर्थिक रुपमा सक्रिय र ११ लाख ९१ हजार ५०९ (२८.९ प्रतिशत) आर्थिक रुपले निष्क्रिय रहेका छन्। आर्थिक रुपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरु ३३७६ जना रहेका छन्। प्रदेश लगानी प्राधिकरण स्थापना भई कार्य सम्पादन भए सँगै रोजगारीका अवसरमा वढोत्तरी भएको छ।

## २.८ भू-बनोट र उपयोग

भू-स्रोत व्यवस्थापनका हिसाबले खेतीका लागि उपयुक्त प्रायजसो तराई र भित्री मधेसमा अवस्थित जमिन १७ प्रतिशत मात्र छ। पहाडमा भिरालो र गरा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपातका निम्ति २४ प्रतिशत र वन्यजन्तु, संरक्षण र पर्यटनका निम्ति १५ प्रतिशत उपयुक्त छ। झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा बरफले ढाकेको छ।



नि. प्रमुख सचिव

## २.९ वन क्षेत्र तथा निकुञ्ज

नेपालमा कूल भूभागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत बुट्यान गरी ४५.३१ प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ। नेपालको कूल वन क्षेत्र मध्ये सबैभन्दा वढी वन क्षेत्र (१८.८ प्रतिशत) कोशी प्रदेशमा रहेको छ। साथै प्रदेशमा ४४.४४ प्रतिशत वन र ४.५२ बुट्यान गरी ४८.९६ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ। यस प्रदेशमा सगरमाथा र मकालु वरुण राष्ट्रिय निकुञ्ज, कञ्चनजङ्घा संरक्षण क्षेत्र र कोशीटप्पु वन्यजन्तु आरक्ष रहेका छन् जसले प्रदेशको १९ प्रतिशत भूभाग ढाकेको छ।

## २.१० कृषि, उद्योग र सहकारी

प्रदेशको गार्हस्थ उत्पादनमा महत्वपुर्ण योगदान पुऱ्याउने उद्योग, कृषि र सहकारी क्षेत्रको विकास, नीति निर्माण र नियमन तथा प्रवर्द्धन सम्बन्धी कामहरु कृषि, उद्योग तथा सहकारी मन्त्रालयले गर्ने गर्दछ। प्रदेशको कूल गार्हस्थ उत्पादन लगभग ८५० अरब मध्ये कृषि क्षेत्रले ३३.५% हिस्सा ओगटेको छ। आ. व. २०७९/८० मा ८२ करोड २६ लाख ७३ हजार अथवा मन्त्रालयको चालु खर्चको ५५ प्रतिशत रकम अनुदानको रुपमा सिधै किसानहरुलाई उपलब्ध गराईएको छ। यसवाट कृषि तथा पशुपन्छी विकास सम्बद्ध उत्पादन प्रसोधन, बजारीकरण सम्बद्ध पुर्वाधार निर्माण, यान्त्रीकरण, बजारीकरण तथा उन्नत प्रविधि अवलम्बन र पशु स्वास्थ्य प्रवर्द्धन सम्बन्धि कार्यमा खर्च गरी समग्र कृषि र पशुपन्क्षीजन्य बस्तुको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्द्धन भएको छ।

प्रदेशको कुल गार्हस्थ उत्पादन लगभग ८५० अरब मध्ये उद्योग क्षेत्रले १६.५% हिस्सा ओगटेको छ। उद्योग र वाणिज्य क्षेत्रमा उद्योग तथा वाणिज्य फार्महरुको दर्ता, नविकरण, अनुगमन र नियमनका कामहरु गर्नुका साथै घरेलु तथा लघु उद्योगहरु स्थापनाका लागि विभिन्न प्रकारका उद्यम विकास तालिम तथा प्रविधि अवलम्वन सम्बद्ध सहयोगहरु उपलब्ध गराईएको छ। प्रदेशको कार्यक्षेत्रमा रहेका १०८० वटा सहकारी संस्थामा करीब ५८ अरब वचत र ६७ अरब बराबरको ऋण तथा यस क्षेत्रबाट ६०६५ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

## २.११ पूर्वाधार

आर्थिक वर्ष २०७९/८० मा सडक पूर्वाधार तर्फ २०४.११ कि.मी सडक मर्मत, २५९.३८९ कि.मी. सडक ग्राभेल, १४१.५५ कि.मी. कच्ची सडक निर्माण, ५.७५९ कि.मी. ढलान सडक निर्माण, २२.५०० कि.मी. सोलिङ्ग, २०६.४८२ कि.मी. सडक कालोपत्रे, १३ वटा बहुबर्षिय सडक (लम्बाई



नि. प्रमुख सचिव

१७५.२३ कि.मी.), १९ वटा आर.सी.सी. पक्की पुल, ५४ वटा झोलुङ्गे पुल र ९८.५३ कि.मी. नयाँ ट्र्याक खोल्ने निर्माण कार्य सम्पन्न भएको छ ।

त्यसैगरी आवास, भवन तथा सहरी विकास क्षेत्र तर्फ १३७ वटा सामुदायिक भवन, १४ वटा सरकारी भवन निर्माण, ३ वटा सभाहल निर्माण, ९ वटा खेलकुद पूर्वाधार निर्माण, ४९९ वटा एकीकृत वस्ती निर्माण, ६२४ वटा जनता आवास कार्यक्रम, ३.६४५ कि.मी. सहरी सडक ढलान, ६.१४७ कि.मी. सहरी सडक कालोपत्रे, ६ वटा पार्क निर्माण, १.७०० कि.मी. ढल निर्माण, ७ वटा बसपार्क निर्माण, २ वटा भ्यूटावर निर्माण, १ वटा प्रहरी भवन निर्माण, ६५ वटा अन्य पूर्वाधार निर्माण र ४३ वटा मर्मत सम्भारको काम सम्पन्न भएको छ। यस प्रदेशमा विराटनगर र तुम्लिङटारका अतिरिक्त ८ साना विमानस्थल छन्।

## २.१२ मानव विकास

मानव विकास प्रतिवेदन, २०२० अनुसार कोशी प्रदेशको मानव विकास सूचकाङ्क ०.५८० रहेको छ। जुन राष्ट्रिय औसत ०.६०२ भन्दा कम हो। कोशी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या १२.४ प्रतिशत रेहको छ। बहुआयामिक गरिबी राष्ट्रिय औषत १७.४ रहेको छ भने यस प्रदेशको बहुआयामिक गरिबी औसत १५.९ प्रतिशत रहेको छ। कोशी प्रदेशमा गरिवीको सघनता ४१.४ प्रतिशत रहेको छ जुन राष्ट्रिय प्रतिशत भन्दा कम रहेको छ। अतः कोशी प्रदेशमा बहुआयामिक गरिबी, निरपेक्ष गरिबी र गरिबीको सघनता तीनैवटाको स्थिति राष्ट्रिय औसत भन्दा राम्रो रहेको छ। त्यसैगरी यस प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ८६.१ प्रतिशत र महिला साक्षरता ७३.६ प्रतिशत रहेको छ।



नि. प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

# परिच्छेद-तीन

## शासकीय सुधार तथा सुशासन सम्बन्धमा भएका कार्यहरु

३.१ शासकीय सुधार तथा सुशासन सम्बन्धमा प्रदेश सरकारको वजेट तथा नीति कार्यक्रममा भएका व्यवस्थाहरुः

### ३.१.१ आर्थिक वर्ष २०७९/८० मा प्रदेश प्रमुखबाट प्रदेश सभामा प्रस्तुत नीति तथा कार्यक्रम

(क) प्रदेशको निजामती प्रशासनलाई नतिजामूखी बनाउन कार्यसम्पादन सम्झौता प्रणाली कार्यान्वयनमा ल्याइनेछ। प्रदेश मातहतका निकायहरूको कार्यसम्पादन तथा सेवा प्रवाहको गुणस्तर सुधार गर्न व्यवस्थापन परीक्षण कार्य प्रारम्भ गरिनेछ। (१५१)

(ख) प्रदेशको सुशासन र सेवा प्रवाहमा सुधार ल्याउन नागरिकका गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी बनाइनेछ। भ्रष्टाचार न्यूनीकरणका लागि निरोधात्मक एवम् प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। (१५२)

(ग) प्रदेश सरकारको हकहित र सरोकार रहेको मुद्दाको प्रतिरक्षा र लिखित जवाफ सम्बन्धी बिषयमा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। त्यसैगरी स्थानीय न्यायिक समिति र स्थानीय विधायन समितिको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। (१५९)

### ३.१.२ आर्थिक वर्ष २०७९/८० को वजेट वक्तव्यमा शासकीय सुधार र सुशासन सम्बन्धमा उल्लेखित विषयहरु

(क) सुशासन युक्त कार्यालय, भ्रष्टाचार मुक्त प्रदेश निर्माण गर्ने गरी वित्तीय अनुशासन प्रवद्धनमा जोड दिइनेछ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी लागू गरिने छ। (१९४)

(ख) वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी उत्कृष्ट कार्यसम्पादन भएका कार्यालय र कार्मचारीलाई पुरस्कृत गरिनेछ। (१९५)

(ग) प्रदेश सरकारका काम कारवाहिलाई पारदर्शी एवम् उत्तरदयी वनाउन आवधिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गरिनेछ। वित्तीय अनुसाशन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली र सार्वजनिक खर्चको मापदण्डलाई थप परिमार्जन गरी कार्यान्वनमा ल्यइनेछ। (१९६)



नि. प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

## ३.२ कोशी प्रदेश सरकारको आ. व. २०७९/८० को बजेट कार्यान्वयनको अवस्था

(रु. हजारमा)

| क्र.सं. | बजेट | आर्थिक वर्ष २०७९/८० | | |
|---|---|---|---|---|
| | | शुरु विनियोजन | कुल खर्च | खर्च प्रतिशत |
| १. | चालु | १२१३८२८१.१५४ | ९०९८२८२.९४५ | ७४.९६ |
| २. | पूँजीगत | २१४७६४०१.७९८ | १८११२५४८.८०२ | ८४.३४ |
| ३. | स्थानीय तह अनुदान | ४१४६१००.३७२ | ३५४६९२२.१७८ | ८५.५५ |
| जम्माः | | *३७७६०७८३.३२४ | ३०७५७७५३.९२६ | ८१.४५ |

* चालु आर्थिक वर्षको कुल विनियोजित बजेट रु. ३९ अर्ब ७३ करोड ८३ लाख रहेकोमा संघीय सशर्त अनुदानमा थप भई वार्षिक बजेट ३९ अर्ब ९२ करोड ७५ लाख कायम भएको छ ।
** वार्षिक विनियोजनमा संघवाट सशर्त अनुदान तर्फ रु. २ अर्ब १६ करोड ६७ लाख संघिय सरकारले फिर्ता गरेको समेत समावेश भएको छ।

श्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश।

## ३.३ कोशी प्रदेश सरकारको मन्त्रालय तथा निकायगत वजेट र खर्चको विवरण

(रु. लाखमा)

| क्र.सं. | मन्त्रालय/निकाय | आ.व. २०७९/८० (सबै स्रोतको) | | |
|---|---|---|---|---|
| | | जम्मा विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
| १. | प्रदेश व्यवस्थापिका सचिवालय | २२८८ | १६९८ | ६८.२७ |
| २. | प्रदेश लोकसेवा आयोग | ९२१ | ७७० | ८३.७१ |
| ३. | मुख्य न्यायाधिवक्ता कार्यालय | १९५ | १५९ | ८१.४५ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६८९३ | २१८७ | ३१.७४ |



नि. प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १६८९३ | १५८१७ | ९३.६३ |
| ६. | उद्योग, श्रम रोजगार मन्त्रालय | ४६०२ | २७९८ | ६०.८१ |
| ७ | कृषि मन्त्रालय | १९९५१ | १५०९१ | ८१.७९ |
| ८. | खानेपानी सिँचाई तथा उर्जा मन्त्रालय | ५९९९ | ५५४५ | ९२.४२ |
| ९. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६७४७ | ५१०७ | ७५.६९ |
| १०. | पर्यटन तथा संस्कृति मन्त्रालय | १०७७ | ८६६४ | ८०.३९ |
| ११ | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | १८६५ | १४४३ | ७७.३७ |
| ११. | भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २२३२ | ६८२८ | ३०.५८ |
| १२ | सडक पुर्वाधार तथा सहरी विकास मन्त्रालय | १२९०४८ | १०७६७० | ८३.४३ |
| १३. | सामाजिक विकास मन्त्रालय | १६४२६ | १३३०२ | ८०.९८ |
| १४. | यातायत व्यवस्था तथा संचार मन्त्रालय | ३०३३ | २०८६ | ६८.७९ |
| १५. | स्वास्थ्य मन्त्रालय | ३६४०२ | २४४६७ | ६७.२१ |
| १६. | प्रदेश योजना आयोग | ५०६ | २३४ | ४६.३१ |
| १७. | कर्मचारी सुविधा तथा सेवानिवृत्त | २०० | - | - |
| १८. | अर्थ विविध | १७३ | - | - |
| १९. | स्थानीय तह | ४१४६१ | ३८८४० | ९३.८६ |
| जम्मा | | ३७७६०७ | ३१०६९१ | ८२.२८ |

नोटः FMIS प्रतिवेदन अनुसार वार्षिक वजेट रु ३९९२७५४३३२४।- भएकोमा LMBIS मा प्रतिवेदन भएबमोजिम संघीय सशर्त अनुदान पूजीगत तर्फ २१६६७६०००० ।- फिर्ता लगेकोमा बाँकी वजेट अन्तिम वजेटमा देखाइएको छ।

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रारम्भिक विवरण, २०८०



नि. प्रमुख सचिव

## ३.४ प्रदेश सरकारबाट हालसम्म तर्जुमा भएका प्रदेश कानूनहरूको विवरण

| क्र. सं. | विवरण | हालसम्मको जम्मा संख्या |
|---|---|---|
| १ | प्रदेश सभाबाट प्रमाणित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका विधेयक | ५९ |
| २ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका नियमावली | २४ |
| ३ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका निर्देशिका | १३ |
| ४ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका कार्यविधि | ४८ |
| ५ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका मापदण्ड | १ |
| ६ | प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएका गठन आदेश | १ |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८०

## ३.५ सुशासन कायम गर्ने सम्वन्धमा प्रदेश सरकारबाट भएका मुख्य मुख्य प्रयासहरु

१. कोशी प्रदेशको विकासमा चासो र अभिरुची राख्ने सम्पूर्ण प्रदेशवासीलाई सुसूचित गर्ने उद्देश्यले कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०९।२५ गतेको निर्णयानुसार प्रमुख सचिवको संयोजकत्वमा सवै मन्त्रालयका सचिवहरु सदस्य र आर्थिक ताथा योजना मन्त्रालयका सचिव सदस्य-सचिव रहेको कार्यदलले तत्तकालिन १३ मन्त्रालय र निकायहरुको कार्यसम्पादनको अवस्थालाई कार्यक्षेत्र, साधनस्रोत, वजेट कार्यान्वयनको अवस्था, प्राप्त उपलब्धी, वेरुजु अवस्था, समस्या, समस्या समाधानका उपाय लगायतका शिर्षकहरुसहितको स्थिति पत्र सार्वजनिक गरेको छ।

२. जनताका गुनासाहरुको माननीय मुख्यमन्त्रीज्यूबाट प्रत्यक्ष सम्बोधन गरी जनताप्रतीको जवाफदेहिता, पारदर्शिता र सुशासनको अनुभूती घरघरमा पुऱ्याउने उदेश्यले "जनतासँग मुख्यमन्त्री रेडियो र टेलिभिजन कार्यक्रम" सञ्चालनमा रहेको छ।

३. Real Time Based प्रदेश सरकारका मन्त्रालयहरु र निकायहरुमामा पत्राचार गर्ने तथा रेकर्ड व्यवस्थापन लाई सहज वनाउन डिजिटल प्रविधिमा आधारित Office Automation System सञ्चालनमा ल्याइएको छ। कार्यलयमा प्राप्त पत्रको दर्ता तथा कार्यालयबाट बाहिर जाने पत्रहरुको चलानि सोही सिस्टमबाट हुने गरेको छ।

४. कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१०।०६ गतेको निर्णयानुसार नेपाल सरकारका पुर्व सचिवको संयोजकत्वमा उच्चस्तरीय प्रशासन सुधार कार्यदल गठन भई प्रदेश सरकारको प्रशासनिक खर्च, सेवा प्रवाह र विकास व्यवस्थापन, संगठन संरचना र कर्मचारी दरवन्दी लागायतका विषयको प्रतिवेदन प्राप्त भई प्रतिवेदनका सुझाव तथा सिफारिसहरु कार्यान्वयन उन्मुख रहेका छन्।

५. कोशी प्रदेश समन्वय परिषद्को ५ औं बैठक परिषद्को संयोजक माननीय मुख्यमन्त्रीको संयोजकत्वमा मिति २०८०।०१।०४ गत्ते साशकीय प्रवन्धका विषयमा प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्ने लगायतका निर्णयहरुरु गर्दै सम्पन्न भएको छ।

६. सूचनाको हक कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्न कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट प्रदेश अनुगमन इकाई गठन भएको छ।

७. हाल कार्यान्वयनमा रहेका विभिन्न कानूनहरुको पुनरावलोकन गरी संशोधन र परिमार्जन गर्दै प्रदेशमा विकास निर्माण, शान्ति सुव्यवस्था, अमनचयन कायम गर्न र प्रदेशवासी नागरिकका चाहनालाई सम्बोधन गरी कानूनी तथा नीतिगत व्यवस्था गर्ने तथा प्रदेशमा बन्न बाँकी कानूनहरुको मसौदा तयार गरी सम्बन्धित निकायमा पेश गर्न आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०३।२२ गतेको निर्णय भई कार्यान्वयनमा रहेको छ।

८. प्रदेश र स्थानीय सेवाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता विकासलाई प्रथमिकता दिदै झापा जिल्ला कलबडगुडी स्थित सञ्चालित तत्कालिन **प्रदेश प्रशिक्षण केन्द्र (प्रतिष्ठान) लाई** अनुसन्धानकेन्द्रको रुपमा समेत विकास गर्न **प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको** रुपमा परिणत गरी स्तरोन्नति गर्दे थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याइएको छ।

९. प्रदेश सरकारका मन्त्रालय र निकायहरुका नीति, कार्यक्रम, योजना, बजेट कार्यन्वयनको स्थिति र सो सँग सम्बन्धित गतिविधिहरुलाई डिजिटल प्रणालिमा आवद्ध गर्दै त्यस्ता क्रियाकलापहरुको समय सापेक्ष सुपरिवेक्षण र अनुगमन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा डिजिटल प्रविधिमा आधारित **मुख्यमन्त्री ड्यासवोर्ड स्थापना र सञ्चालन** भएको छ।

१०. प्रदेशका सवै जिल्लाहरुमा जिल्लास्तरीय नागरिक आरोग्य कार्यक्रमको अभिमुखीकरण तथा अभियान सञ्चालन सम्पन्न भएको छ। त्यसैगरी जिल्लामा पालिकास्तरीय अभिमुखीकरण तथा



नि. प्रमुख सचिव

प्रदेशका विभिन्न पालिकामा रहेका ५३ वटा नागरिक आरोग्य सेवा केन्द्रहरुद्वारा नागरिक आरोग्य अभियानका कार्यक्रमहरु सञ्चालन भएका छन्। कोशी प्रदेशका विभिन्न ४० वटा माध्यमिक विद्यालयहरुमा कार्यक्रम सम्पन्न भई शिक्षक, शिक्षिका, विद्यार्थी, विद्यालय नर्स तथा जनप्रतिनिधिहरु लगायतले स्वस्थ्य जीवनशैली, सद्वृत, दिनचर्या, ऋतुचर्या, योग तथा स्थानीय जडिबुटी सम्बन्धी ज्ञान आर्जन गरेका छन्।

११. राष्ट्रिय रुपमा तयार गरिएको विपद् पोर्टलमा स्थानीय तहबाट तहगत रुपमा विपदको विवरण अद्यावधिक गर्ने गरिएको छ र पोर्टलबाट लिइएको सांराश विवरण मन्त्रालयको वेवसाइट र सूचनापाटीमा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ।

१२. साक्षर प्रदेश निर्माण गर्ने अभियान मार्फत मिति २०७९/०५/२३ गते कोशी प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको छ।

१३. प्रदेश मातहतका १४ वटै अस्पतालहरूको दुई पटक न्यूनतम सेवा मापदण्डको (Minimum Service Standards) लेखाजोखा गरी सुधारका लागि कार्ययोजना बनाई लागु गरिएको छ। साथै स्थानीय तह अन्तर्गतका मादी नगर अस्पताल, कटारी अस्पताल, रँगेली अस्पतालको दुई पटक र दमक अस्पतालको एक पटक न्युनतम सेवा मापदण्डको लेखाजोखा गरिएको छ।

१४. सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी र प्रवक्ताको व्यवस्था गरी सबै प्रकारका गुनासा उजुरीहरु सम्वोधन गरिएको छ।

१५. सुशसन कायम गर्ने सम्बन्धमा प्रत्यक्ष तथा परोक्ष भुमिका रहने गरी आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को ३७ वटा बैठक सम्पन्न भई १५३ वटा निर्णयहरु भएका छन् भने यस अवधिमा ३७ वटा सचिव बैठक सम्पन्न भई विभिन्न विषयमा ५६ वटा निर्णयहरु भएका छन्।

१६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान तथा छानविनका लागि पत्राचार भई आएको उजुरीहरुका सम्बन्धमा आवश्यक अनुसन्धान र छानविन गरी प्रतिवेदन तयार गरी पठाइएको छ।

१७. परियोजना बैंक सञ्चालनका लागि आवश्यक कानूनी व्यवस्थापनका लागि प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० र प्रदेश स्तरीय आयोजना छनौट तथा बर्गीकरण सम्वन्धी कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयनमा आएको छ।



नि. प्रमुख सचिव

# परिच्छेद-चार

## विषयगत मन्त्रालय/निकायहरुको वार्षिक प्रगति

### ४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधान बमोजिम राज्यको सङ्घीय संरचना निर्धारण भएसँगै तत्कालिन प्रदेश नं. १ हाल कोशी प्रदेशको शासकीय प्रबन्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्न एवम् समग्र प्रदेशको नीति निर्माण एवम् व्यवस्थापनको समन्वय गर्ने निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्थापना मिति २०७४ माघ २१ गते भएको हो। मिति २०७४ फाल्गुन ३ गते प्रदेश सरकारको गठन भएको थियो। यस मन्त्रालय अन्तरगत प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, प्रदेश लगानी प्राधिकरण र सम्पर्क कार्यलय धनकुटा रहेका छन्।

#### ४.१.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेश मन्त्रिपरिषद् सम्बन्धी कार्य,
२. प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
३. प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाका लागि मन्त्रालयलाई निर्देशन, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
४. प्रदेश सरकारको कार्यविभाजन नियमावली तर्जुमा, कार्यान्वयन र अनुगमन
५. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा, कार्यान्वयन र अनुगमन,
६. मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, नियन्त्रण, अनुगमन र मुल्याङ्कन,
७. प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
८. विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषद्बाट जारी गर्ने,
९. प्रदेशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने र सो को सम्बोधन,
१०. सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रदेश निजामती सेवाको सुधार,
११. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोग, प्रदेश कानून बमोजिम गठित प्राधिकरण लगायत अन्य निकायसँगको सम्पर्क र समन्वय,



नि. प्रमुख सचिव

१२. प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

१३. उपाधि, सम्मान, विभूषणको सिफारिस तथा प्रदेश निजामती सेवा पुरस्कार,

१४. प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी कानूनको तर्जुमा र कार्यान्वयन,

१५. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

१६. प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानून तर्जुमा एवम् कार्यान्वयन,

१७. कर्मचारीहरुको अभिलेख व्यवस्थापन,

१८. प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,

१९. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण, स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालीम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,

२०. प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन,

२१. अन्तर प्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

२२. सङ्घ र स्थानीय तहसँगको समन्वयमा कानूनी अनुसन्धान, कानूनी साक्षरता, निःशुल्क कानूनी सहायता र न्यायमा पहुँच अभिबृद्धि,

२३. स्थानीय तहका न्यायिक समितिहरुको क्षमता विकास, सम्बन्ध, सहयोग र सहकार्य,

२४. स्थानीय तहहरुको कानून निर्माणमा क्षमता विकास, सहयोग र सहकार्य,

२५. प्रदेश कानून तर्जुमा तथा सुझाव समितिको गठन र सो सम्बन्धि विधि निर्माण र कार्यान्वयन,

२६. सूचनाको हकसम्बन्धी कानूनको कार्यान्वयनमा समन्वय तथा अनुगमन,

२७. राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसँग सम्बद्ध अन्य निकायहरुसँगको समन्वय, सम्बन्ध र सहकार्य,

२८. मानव अधिकारको सम्मान, संरक्षण तथा प्रबर्द्धनका सम्बन्धमा अनुगमन र प्रतिवेदन,

२९. नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धी सम्झौताहरुको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

३०. निर्वाचन कार्यमा सहयोग र समन्वय।



नि. प्रमुख सचिव

### ४.१.२ वित्तीय विवरण

| ब.उ.सि.नं. | वार्षिक विनियोजन | वार्षिक खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|
| ११३ | १६,४३,२१,००० | १०४१७६९७४.३२ | ६३.४० |
| ११४ | १,३०,९२,००० | ५२७८५५२ | ४०.३२ |
| २०३ | २४३९३६२८ | १७७३८५९९.४७ | ७२.७२ |
| २०४ | १५००००० | १४६९४९० | ९७.९७ |
| **जम्मा** | २५८९३६२८ | १२८६६३६१५.८ | |

### ४.१.३ कार्यक्रम कार्यान्वयनबाट भएका प्रमुख उपलब्धीहरु

- प्रदेश सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनको वार्षिक कार्यन्वयन कार्ययोजना तयारी सम्पन्न गरिएको छ।
- आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्को ३७ वटा बैठक सम्पन्न भई १५३ वटा निर्णयहरु भएका छन् भने यस अवधिमा ३७ वटा सचिव बैठक सम्पन्न भई विभिन्न विषयमा ५६ वटा निर्णयहरु भएका छन्।
- "जनतासँग मुख्यमन्त्री रेडियो र टेलिभिजन कार्यक्रम" मार्फत माननीय मुख्यमन्त्रीज्यूबाट जनताका गुनासाहरु प्रत्यक्ष सम्बोधन हुने गरेको छ।
- विभिन्न महत्वपूर्ण निर्णय गर्दै प्रदेश समन्वय परिषदको बैठक सम्पन्न तथा कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्को गठन भई पहिलो बैठक सम्पन्न भएको छ।
- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७८ लगायत प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐनको तर्जुमा भएको छ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुको आर्थिक वर्ष २०७९/८० का लागि अस्थायी संगठन संरचना स्वीकृत गरिएको छ।



नि. प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

- प्रदेश सरकारको लेटरप्याड र छाप प्रयोग एकरुपता कायम गर्न लेटरप्याड र छाप सम्बन्धी मापदण्ड स्वीकृति र कार्यान्वयन गरिएको छ।
- प्रदेश निजामती कर्मचारी किताबखाना स्थापना र सञ्चलन तथा राष्ट्रिय किताबखानाबाट प्रादेशिक PIS पोर्टल मिति २०८० साल जेठ २२ गते हस्तान्तरण भई प्रदेश सरकारले प्राप्त गरेको छ।
- प्रदेश मन्त्रालयहरुको संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको छ।
- सङ्घीयता कार्यान्वयन तथा अध्ययन सम्बन्धी १ दिवसीय वृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
- उच्चस्तरीय प्रशासन सुधार सम्बन्धी कार्यदल गठन भई कार्यदलको प्रतिवेदन प्राप्त भएको छ।
- यस प्रदेश भित्रका स्थानीय तहहरुबाट संगठन संरचना दरबन्दी तेरिज सहित कर्मचारीहरुको विवरण संकलन गर्ने कार्य प्रदेश निजामती किताबखानाबाट भई रहेको छ।
- प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशबाट यस प्रदेश भित्रका स्थानीय तहहरुमा स्थायी नियुक्तीको लागि सिफारिस भएका कर्मचारीहरुको विवरण संकलन गरी राष्ट्रिय किताबखाना, हरिहरभवनमा पठाउने कार्य गरिएको छ।
- प्रदेश किताबखाना कार्यसञ्चालनार्थ प्रदेश किताबखाना (कार्यसञ्चालन) निर्देशिका, २०८० को मसौदा तयार गरी प्रदेश लोक सेवा आयोग, आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा राय, परामर्शको लागि लेखि पठाइएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०७५ साल आसार २० गते राजपत्रमा प्रकाशित सूचना बमोजिम रित पुर्वक अनलाईन इन्ट्रि भई आएका प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री, मुख्यन्यायाधिवक्ता, प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा पदाधिकारीहरु, प्रदेश सरकारबाट नियुक्त अन्य पदाधिकारीहरुको सम्पत्ति विवरण बुझि लिइ संरक्षण गरी राख्ने कार्य सम्पन्न गरिएको छ।
- जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिकाका तोकिए बमोजिमका पदाधिकारीहरुको रित पुर्वक अनलाईन इन्ट्रि भई आएका सम्पत्ति विवरणका बन्दि खामहरु बुझि लिइ संरक्षण गरि राख्ने कार्य गरिएको छ।



नि. प्रमुख सचिव

- लोक सेवा आयोगबाट आ. व. २०७५/०७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भइ स्थानीय तहहरुमा नियुक्त भएका कर्मचारीहरु र कर्मचारी समायोजन ऐन २०७५ बमोजिम प्रदेश तथा स्थानिय तहमा समायोजन भएका अन्यसेवाका कर्मचारीहरुले कर्मचारी संकेत नम्बर प्राप्त गरेका वा नगरेका कर्मचारीहरुको रित पुर्वक अनलाईन इन्ट्रि भई आएका सम्पत्ति विवरणका बन्दि खामहरु बुझि लिइ संरक्षण गरी राख्ने कार्य भएको छ।

- कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्यहरु, सरुवा तथा काज व्यवस्थापन सम्बन्धी कार्यहरु, तहवृद्धि सम्बन्धी कार्य, अध्ययन पूर्व स्वीकृति, अध्ययन विदा, असाधारण विदा सम्बन्धी कार्यहरु वैदेशिक छात्रावृत्ति बाँडफाँड समितिको बैठक सम्बन्धी कार्यहरु, विभिन्न (अध्ययन, पुरस्कार, पदक, तालिम) मनोनयन सम्बन्धी कार्य, अन्य निकायका छानबिन गरी प्रतिवेदन पठाउन अनुरोध भई आएका सम्बन्धी कार्यहरु सूचनाको हक तथा गुनासो सुन्ने सम्बन्धी कार्य दैनिक नियमित कार्यहरु सम्पादन भएका छन्।

- प्रदेश लगानी प्राधिकरणबाट भेडेटार Sky Walk परियोजनाको जग्गा प्राप्तिको प्रकृयामा तथा बिराटनगर नगर बस परियोजना, उदयपुर क्लिन्कर परियोजना, बर्जु ताल पर्यटन पूर्वाधार परियोजना तथा बिराटनगर व्यापारिक भवन परियोजनाको लगानी स्वकृतिको अन्तिम चरणमा हरेको छ।

### ४.१.४ कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरु

- आर्थिक वर्षको सुरुवातीमा प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा कर्माचरी खटिनुपर्ने भएको हुँदा कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष/अप्रत्यक्ष असर परेको।
- राजनैतिक अस्थिरता तथा कर्मचारीको अभाव लगायतका कारणहरुबाट लक्षित कार्यक्रमहरुबाट पूर्ण उपलव्धी हासिल गर्न कठिनाई भएको।
- प्रदेश सरकारको आफ्नै भवन संरचना नभएको।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहबाट नियुक्ति पाएका कर्मचारीहरुको हालसम्म सिटरोल दर्ता हुन नसकेको तथा तलबी प्रतिवेदन समेत पास हुन नसकेको।
- कार्यबोझ र दरबन्दी बीच तालमेल हुन नसकेको तथा प्रदेशको आफ्नो आवश्यकता बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकेको।



नि. प्रमुख सचिव

## ४.२ आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संबिधानको भाग १३ धारा १६२ मा प्रदेश कार्यपालिका सम्बन्धी ब्यबस्था भए बमोजिम कोशी प्रदेश मन्त्रिपरिषद्को गठन मिति २०७४/११/३ गते भएको हो। नेपालको सविंधानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूची बमोजिम यस मन्त्रालयले मूख्यत शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, बिपद ब्यबस्थापन, द्वन्द ब्यबस्थापन, कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी कार्य गर्दछ।

### ४.२.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्वन्धी नीति, कानून र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मुल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,

४. संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचाना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण,

७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,

८. अन्तराष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तराष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्वन्धी,

१०. सामुदायिक प्रहरी,

११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

१२. विवाद व्यवस्थापन,

१३. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजना तथा विष्फोटक पदार्थको नियमन,

१४. निवारक नजरबन्द र स्थान हद सम्बन्धी,

१५. अन्तर प्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,



नि. प्रमुख सचिव

१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन र व्यवस्थापन,

१७. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यावस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,

१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्यन तथा अनुसन्धान,

१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,

२०. विवद् पूर्वसूचना प्रणाली सञ्चालन व्यवस्थापन र कार्यान्वयन,

२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

२२. प्रदेशस्तरमा सार्बजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,

२४. अतिविशिष्ट तथा विशिष्ट व्यक्तीको लागि सवारी साधन तथा आवास व्यवस्थापन,

२५. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्धन्द्धबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,

२६. अपराध तथा यातना पिडितको पुनर्स्थापना र क्षतिपूर्ति,

२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

२८. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,

२९. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,

३०. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,

३१. प्रदेश कानूनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन,

३२. प्रदेश कानूनको प्रकाशन तथा वितरण,

३३. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

३४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पदन र प्रकाशन एवम् सबै सार्बजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३५. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सवै प्रदेश मन्त्रालय आयोगमा वितरण व्यवस्थापन,

३६. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसंग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्वन्धी कानूनी राय,

३७. संघीय र प्रदेश कानूनको कार्यान्वयन,

३८. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय र प्राधिकरणलाई कानूनी राय,



नि. प्रमुख सचिव

३९. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४०. न्यायिक निकायले गरेको फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४१. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा, सुविधा सम्बन्धी कानून तर्जुमा,

४२. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४३. प्रदेश सभासँगको समन्वय,

४४. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४५. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एंव व्यवस्थापन गरी प्रदेशमा नागारिकलाई झन्झटरहित, बिचौलियारहित, अनियमिततारहित र सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण, सार्वजनिक यातायातको रुट अनुमती, चालक अनुमती र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

४६. सवारी चालक अनुमती सम्बन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्धारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको व्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन

४७. प्रदेशभित्र सार्वजनिक यातायातको मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४८. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

४९. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

५०. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

५१. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, ईजाजत र नवीकरण, नियमन,

५२. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

५३. प्रदेशभित्र सूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,



नि. प्रमुख सचिव

५४. प्रदेशस्तरका ईन्टरनेट सेबा र अनलाईन तथा अन्य प्रविधिमा अधारित सञ्चार माध्ययमको दर्ता, अभिलेख, अनुमति, नविकरण र अनुगमन,

५५. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तरआवद्धता, सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्टि तथाङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूती,

५६. साईवर सुरक्षा अनुगमन,

५७. छापा सञ्चारको माध्यमको दर्ता, अनुमती, अभिलेखाङ्कन, वर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

५८. प्रेस सूचना प्रवाह, सूचना सामाग्रीको उत्पादन, प्रकाशन र वितरण,

५९. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

६०. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्वन्धी,

६१. केबुल वितरणको ईजाजत, नवीकरण र नियमन,

६२. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

६३. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्वन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

६४. भुमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी सम्वन्धी प्रदेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन

६५. प्रदेश संरचना निर्माणका लागि संध तथा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्बजनिक जग्गाको खोजी र प्राप्ती गर्ने। साथै, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

६६. संघीय सरकारबाट भूमि सम्वन्धी नक्सा, भौगोलिक सूचना र अभिलेख प्राप्त गर्ने विषय, प्रदेश भित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

६७. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

६८. क्रमबद्ध कित्ता नापी र भूमी लगत सम्वन्धी मापदण्ड र कार्यान्वयन,

६९. भूमिहीनको जीविकोपार्जन र पुनः र्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

७०. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिने वा उपयोग गर्ने सम्वन्धी निति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,



नि. प्रमुख सचिव

७१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

७२. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु।

### ४.२.२ वित्तीय विवरण

| शिर्षक | विनियोजित बजेट | अख्तियारी/ रकमान्तरबाट अन्तिम पटक कायम भएको | खर्च | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| जम्मा | ६७४८१०००० | ५२३५४१५३० | ३५००८४२५२।७४ | ६६।८७ |

### ४.२.३ प्रमुख उपलब्धिहरू:

प्रशासन तथा योजना तर्फ

- मन्त्रालय परिसरमा एक आवास भवन तथा विपद् गोदाम घरको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको लागि ताप्लेजुङको फुङलिङ न. पा. र सोलुखुम्बुको सोताङ्ग गा. पा. लाई १/१ थान बारुणयन्त्र र पिकअप भ्यान खरिद गरी हस्तान्तरण गरिएको छ।
- जिल्ला भूमि आयोग कार्यालयलाई व्यवस्थापन, अभिलेख व्यवस्थापन, कर्मचारीको क्षमता अभिबृद्धिको लागि प्रति निर्वाचन क्षेत्र रु ७५,०००।- का दरले सहयोग गरिएको छ।

संचार तथा सूचना प्रविधि तर्फ

- नेपाल पत्रकार महासंघ विभिन्न जिल्ला शाखाहरुलाई भवन निर्माणका लागि सहयोग गरिएको छ।
- प्रदेश पत्रकारिता पुरस्कार बाट ७ जना पत्रकारहरुलाई सम्मान गरिएको छ।
- प्रदेशका पत्रकारहरुको लागि विभिन्न क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिएका छन्।
- रेडियो नेपाल धनकुटाबाट नियमित रुपमा प्रदेश डायरी प्रशारण भईरहेको छ।



नि. प्रमुख सचिव

- कोशी प्रदेश सुनसरी-मोरङ जिल्लाको उत्तरी क्षेत्रमा चलचित्र छायाङ्कन स्थल स्थापनाको लागि संभाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाइएको छ।
- हाल सम्म एफ. एम. रेडियो ३८ वटा र केबल टेलिभिजन ५ वटा दर्ता तथा नवीकरण भएको छ। प्रदेश भरिमा कुल ७४ वटा सचालअप प्रशिक्षण केन्द्रहरु संचालनमा रहेकोमा २० वटा मात्र दर्ता भएको देखिन्छ। त्यसैगरी ४ वटा सवारी साधनसँग सम्बन्धित वर्कसपहरु दर्ता भएका छन्।

यातायात व्यवस्था तर्फ

- समग्र सार्वजनिक यातायातलाई डिजिटलाईजेसन गर्ने प्रयोजनको लागि कार्यविधि तयार गरी राय सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाईएको छ।
- ट्राफिक सचेतना सम्बन्धी आवश्यक सामग्री खरिद गरी कोशी प्रदेश ट्राफिक प्रहरीलाई हस्तान्तरण गरिएको छ। मिति २०८०।३।१९ गते देखि २५ गते सम्म १४ वटै जिल्लामा एकैसाथ ट्राफिक सप्ताह सम्पन्न भएको छ।
- स्वचालित प्रणाली अन्तर्गत कोशी प्रदेशभरिका सार्वजनिक यातायातले लिने भाडादर निर्धारण/ समायोजन गरिएको छ।
- सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनौट तथा सञ्चालन) कार्यविधिको मस्यौदा तयार भई राय सहमतीको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको छ।
- प्रदेशबाटै सवारी चालक अनुमति पत्र छपाई तथा वितरण गर्ने प्रयोजनको लागि प्राविधिक, आर्थिक र व्यवस्थापकिय रुपमा संभाव्यता अध्ययनका लागि एक कार्यदल गठन भई कार्य प्रारम्भ गरिएको छ।
- चालु आ. व. २०७९।८० मा कूल सवारी दर्ता संख्या ३०,४४९, कूल सवारी चालक अनुमति पत्र वितरण संख्या १,१०,६०६, कुल राजश्व संकलन रकम रु २,८०,२०,३०,४१२।- (गत आव भन्दा ७ प्रतिशतले बढी) प्राप्त भएको छ।



नि. प्रमुख सचिव

विपद् व्यवस्थापन तर्फ

- प्रदेश विपद् व्यवस्थापन नीति, २०७९, विपद् व्यवस्थापन ऐन (पहिलो संशोधन), २०७५, मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (संचालन तथा व्यवस्थापन कार्यविधि), २०७९, विपद्बाट भएको क्षतिको खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७६ (संशोधन सहित) र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तयार गरिएको छ।
- प्रदेशस्तरीय प्रकोप नक्साङ्कन गरी जिल्ला एवम् प्रदेश विपद् प्रोफाइल तयारी गर्ने कार्य शुरु गरिएको छ। कार्यकारी समितिले छनोट गरेका विषय विज्ञहरुको टोलीले अगाडी बढाएको छ।
- मौसमजन्य विपद् प्रभावितलाई पुनःनिर्माण र पुनःस्थापनाको लागि संघ र स्थानीय तहसँगको लागत साझेदारीमा धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, झापा र ताप्लेजुङको लागि पहिलो किस्ता वापतको रकम रु.१,८८,००,०००।– (अक्षरेपी रु एक करोड अठ्ठासी लाख मात्र) जिल्ला प्रशासन कार्यालय मार्फत पठाइएको छ।
- २०८० असार २ र ३ गतेको अविरल वर्षाका कारण प्रभावित भएका ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, ओखलढुङ्गा जिल्लाहरुमा सुरक्षा निकायहरुको सहकार्यमा द्रूत खोज, उद्धार, राहत र पुनःस्थापना कार्य गरिएको छ।

राहत र पुनःस्थापनाका लागि

- विपदबाट मृत्यु भएका प्रति मृतक रु.१ लाखको दरले १४ जनालाई रु १४ लाख वितरण गरिएको। पूर्ण क्षति भएका १३ घरलाई ५० हजारको दरले, आंशिक क्षति भएका ४ घरलाई ३० हजारका दरले गरी अस्थायी आवासको लागि जम्मा रु ७ लाख ७० हजार राहत रकम पठाइएको छ। ताप्लेजुङ जिल्लामा त्रिपाल १५० थान पठाइएको छ भने स्वास्थ्य मन्त्रालय मार्फत प्रभावित क्षेत्रमा औषधी पठाइएको छ।
- विभिन्न आन्दोलनहरुमा विभिन्न समयमा सहादत प्राप्त गरेका व्यक्तिको परिवारलाई प्रति व्यक्ति रु १ लाखको दरले १४ जिल्लाका १४४९ जनालाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत सहयोग पठाइएको छ।



नि. प्रमुख सचिव

शान्ति सुरक्षा तर्फ

- प्रदेश सुरक्षा नीति, २०८० को प्रारम्भिक मस्यौदा गरिएको छ।
- अन्तर्राष्ट्रिय सीमावर्ती क्षेत्रका वासिन्दाहरुलाई सीमा सुरक्षाको महत्व लगायत विषयमा जनचेतना कार्यक्रम तथा स्वास्थ्य सवलीकरणको लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण (गौरीगञ्ज गा.पा., रंगेली न.पा., हरिनगर गा.पा., र कोशी गा.पा.) गरिएको छ।
- कोशी प्रदेशस्थित सुरक्षा निकायका प्रमुख, प्रदेशका सबै जिल्लाहरुका प्रमुख जिल्ला अधिकारी लगायतको सहभागितामा प्रदेशको विद्यमान सुरक्षा अवस्था, समस्या र चुनौती तथा आगामी कार्यभार लगायतका विषयमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी मिति २०७९।७।१९ मा सम्पन्न भएको छ।
- प्रदेशको समग्र सुरक्षा व्यवस्थापनका सम्बन्धमा प्रदेश सुरक्षा समन्वय समितिको बैठक ११ पटक बसेको छ।
- प्रदेश प्रहरी कार्यालय र मातहतका कार्यालयहरुका भौतिक संरचनाहरुको मर्मत सम्भार र निर्माणका लागि प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी प्रदान गरिएको छ।

आन्तरिक मामिला तथा योजना मान्त्रालयमा गरिएका असल अभ्यासहरु

- राष्ट्रिय रुपमा तयार गरिएको विपद पोर्टलमा स्थानीय तहबाट तहगत रुपमा विपदको विवरण अद्यावधिक गर्ने गरिएको छ र पोर्टलबाट लिइएको सांराश विवरण मन्त्रालयको वेवसाइट www.bipadportal.gov.np र सुचनापाटीमा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ।
- मन्त्रालयको डिजिटल स्क्रिनमा निर्धारित हरेक दिनका मुख्य मुख्य कार्यक्रमहरु सार्वजनिक गर्ने कार्यबाट नागरिकको सूचनाको हकको यथोचित सम्बोधन हुने विश्वास लिइएको छ।
- मन्त्रालय परिसरमा कोशी प्रदेशको भौगोलिक नक्सा र महत्वपूर्ण पर्यटकीय स्थानहरु इंगित कलात्मक बगैचा निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।
- नियमित रुपमा शुन्य समयमा शाखा प्रमुखहरुसंग छलफल र अन्तरक्रिया गर्ने र समिक्षा गर्ने कार्यको थालनी गरिएको छ।
- मन्त्रालयको दर्ता, चलानी, कर्मचारीको दैनिक भ्रमण, काज, सवारी साधन र इन्धनको लग बुक सबै स्वचालित कार्यालय प्रणाली (Office Automation System) मा राख्न शुरु गरिएको छ। सबै


नि. प्रमुख सचिव

कर्मचारीको ईहाजिरीको व्यवस्था गरिएको छ। सवारी मर्मतको विवरण पनि विधुतीय प्रणालीमा राखिएको छ। मुख्य मुख्य वार्षिक कार्यक्रम तथा बजेटको विवरण CM- Dashboard मा समेत हेर्न मिल्ने गरी प्रविष्टी गरिएको छ।

- १४ जिल्लामा विपदको बेलामा तत्काल परिचालन हुने गरी १/१ थान बारुणयन्त्र र पिक् अप गाडी प्रदान गरिएको छ। स्थानीय नगरपालिका वा गाउँपालिका र नजिकको प्रहरीको संयुक्त पहलमा परिचालन हुने व्यवस्था गरिएको छ।
- प्रदेश प्रहरी कार्यालयको पहलमा राजमार्गको मूल स्थान विराटनगर, इटहरी, धरान, र काँकडभिटामा सिसिटिभी जडान गरिएको छ। यसले राजमार्गलाई थप सुरक्षित बनाउने उद्देश्य लिइएको छ।
- विर्तामोड, इटहरी र विराटनगरमा स.चा.अ.प.को लागि टायल सेन्टरहरुमा संचालन हुने प्रयोगात्मक परीक्षाको सिसिटिभी केन्द्रीय रुपमा मन्त्रालयबाट समेत हेर्न मिल्ने गरी व्यस्थापन गरिएको छ।
- सवारी चालक अनुमति पत्रको परीक्षामा ७० प्रतिशत सम्बन्धी कार्यविधि लागू गरिएको छ। यसबाट सेवाग्राहीको गुनासो केही हदसम्म घटेको आंकलन गरिएको छ।
- विपदको घटना घटेको खण्डमा सबै जिल्लाबाट द्रुत रुपमा विपदको विवरण प्राप्त गर्नको लागि मन्त्रालयमा प्रदेश स्तरीय आपतकालीन कार्य संचालन केन्द्र अन्तगर्त प्रदेश प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गरी ५ जना प्रहरीको टोली परिचालन गरिएको छ।
- प्रदेश स्तरीय विपद व्यवस्थापन कोषको प्रबन्ध गरिएको छ भने आपतकालीन प्रबन्धको रुपमा गोदामधर निर्माण र आवश्यक विपद् सामाग्रीहरुको व्यवस्था गरिएको छ।

### ४.२.४ कार्यान्वयनमा देखिएका समस्याहरु

- स्वीकृत दरबन्दी बमोजिम कर्मचारी पदपूर्ति हुन नसक्नु।
- विपद् व्यवस्थापनमा अन्तर तह व्यवस्थापन र समन्वयको अभाव। एउटै घटनामा संघ, प्रदेश र स्थानीय तहले राहत दिंदा दोहोरो पर्नु।
- राहत वितरणका लागि समयमै एकिन तथ्याङ्क प्राप्त गर्न कठिनाई हुनु।
- योजनावद्ध रुपमा विपद् जोखिम न्यूनीकरणका कार्यलाई अगाडी बढाउन नसक्नु।



नि. प्रमुख सचिव

- प्रदेश तहमा निरन्तर विपद् तथा जलवायु परिवर्तन बारे अध्ययन, अनुसन्धान, लेखाजोखा, नक्साङ्कन हुन नसक्नु।
- मन्त्रालयको लागि प्रयाप्त स्थान र भवनको अभाव हुनु।
- भूमि व्यवस्थापन सम्बन्धी प्रभावकारी कार्य गर्न नसक्नु। मालपोत र नापी कार्यालय संघ मातहत संचालनमा रहनु।
- कानून तर्जुमा गर्दा प्रयाप्त छलफल नहुनु।
- केन्द्रबाट प्रदेश गोदाम घरमा आउनु पर्ने सामाग्री प्राप्त नहुनु।
- पूर्वचेतावनी (EWS) प्रणालीको स्थापना प्रयाप्त स्थानमा नहुनु र यसलाई माथिल्लो र तल्लो तटिय क्षेत्रसंग जोडन नसक्नु।
- नेपाल प्रहरी प्रदेशमा समायोजन हुन नसक्नु र संघीय सुरक्षा निकायहरुसँग समुचित समन्वयको प्रभावकारी संयन्त्रको अभाव हुनु।
- सवारी चालक अनुमति पत्र कार्ड छपाई सम्बन्धी औजार उपकरणको अभावका कारण संघमा निर्भर हुनु।
- प्रदेश संचार प्रतिष्ठान निस्कृय भएसंगै सो को नाममा रहेको लगभग २ करोड रकम पनि परिचालन हुन नसकि निस्कृय रुपमा रहनु।

## ४.३ आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व संकलन, अनुदान व्यवस्थापन, राजस्व व्यवस्थापन, आर्थिक विकास, प्रदेश सरकारको अल्पकालिन र दीर्घकालिन खर्च व्यवस्थापन सम्वन्धी कार्यको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। नेपालको संविधान बमोजिम संघीय संरचना अनुरुप मिति २०७४ माघ २१ गते यस मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालय अन्तरगत प्रदेश लेखा नियन्त्रक कार्यालय विराटनगर र पाँच जिल्लामा प्रदेश लेखा ईकाइ कार्यालयहरु रहेका छन्।

### ४.३.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-



नि. प्रमुख सचिव

१. प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्वन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
६. राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
७. प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन,
८. प्रदेश राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
९. प्रदेश सार्वजनिक खर्च सम्वन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
१०. संघीय नीति अनुरुप सहवित्तीयकरण,
११. प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
१२. प्रदेश आर्थिक ऐन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
१३. प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
१४. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी,
१५. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
१६. प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
१७. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँड र उपयोग सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
१८. संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रेयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,


नि. प्रमुख सचिव

१९. राजस्व चुहावट नियन्त्रण सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२०. संघ र स्थानीय तहसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्वन्ध र सहकार्य,

२१. प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्वस्थापन सम्वन्धमा प्रादेशिक नीति, कानून, मापडण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संध र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

२२. वीमा र वीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

२३. प्रदेशस्तरका सार्वजनिक संस्थान, बैङ्क तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

२४. आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य,

२५. गरिवी निवारण सम्वन्धी प्रादेशिक नीति, कानून, मापडण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिव घरपरिवार पहिचान र सोको अभिलेख व्यवस्थापन।

### ४.३.२ वित्तीय विवरण

(रु हजारमा)

| क्र. सं. | विनियोजन | | | खर्च | | | खर्च प्रतिशत | | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | |
| १. | १६६६८३४.९९२ | २२५३१ | १६८९३६५.९९२ | १५७६२९३.६३१ | ६४९६.२८३ | १५८१७८९.९१४ | ९४.५७ | २४.३९ | ९३.६३ |

### ४.३.३ प्रमुख उपलब्धिहरू

- प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यको आधारमा नीति/कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी लागु गरिएको छ।
- नीति/कार्यक्रम कार्यान्वयन कार्ययोजना एकीकृत गर्ने त्यसको समिक्षा गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको छ।
- माइलस्टोन र समयसारणी सहितको कार्यान्वयन कार्ययोजना प्रत्येक मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गरेको छ।



नि. प्रमुख सचिव

- प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ ले नीति/कार्यक्रम कार्यान्वयन कार्ययोजना (ढाँचा समेत अनुसूचीमा उल्लेख गरी) बनाई कार्यान्वयन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको तर्जुमा भएको छ।
- डिजिटल नागरिक वडापत्रको कार्यान्वयन गरिएको छ।
- सूचनाको हकको कार्यान्वयन गरिएको छ।
- पूरानो सार्वजनिक खर्चको मापदण्ड खारेज गरी नयाँ तर्जुमा गरिएको छ।
- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरिएको छ।
- उच्चस्तरीय राजस्व अध्ययन कार्यदल गठन गरी त्यसको प्रतिवेदनको सुझावलाई आंशिक रुपमा आर्थिक अध्यादेश मार्फत कार्यान्वयन गरिएको छ।
- रेडियो जिङ्गलको निर्माण गरी प्रदेशभर प्रचारप्रसार गरी सम्वन्धित सरोकारवाला र स्थानीय तहसम्म छुटको व्यवस्थाको प्रचारप्रसार गरिएको छ।
- पूँजीबजार, बीमा र बैंकिङ शिक्षा समेत समेटी १ वटा वित्तीय साक्षरता सम्वन्धि कार्यक्रम कार्यान्वयन गरिएको छ।
- परियोजना बैंक सञ्चालनका लागि आवश्यक कानूनी व्यवस्थापनका लागि प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० र प्रदेश स्तरीय आयोजना छनौट तथा बर्गीकरण सम्वन्धि कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याउन सबै निकायलाई पत्राचार समेत गरिएको छ।

### ४.३.४ कार्यान्वयनमा देखिएका समस्याहरु

**समग्र वजेट प्रणाली सँग सम्बन्धित**

- अवण्डामा बजेट राख्ने, समयमै बाँडफाट नगर्ने प्रवृत्तिले आयोजना कार्यान्वयनमा ढिलाई हुनु।
- बैशाख/जेठ महिनासम्म पनि नयाँ आयोजना/कार्यक्रम छनौट गरी निर्माण गर्ने प्रवृत्ति कायमै रहनु।
- समयमै निर्माण कार्य सुरु नहुनु, असार महिनामा खर्चको विल भुक्तानीमा चाप हुनु।
- गैह्रबजेट खर्च न्यूनिकरण गर्न नसक्नु।
- विनियोजित बजेट भन्दा बढी रकमको ठेक्का लगाउने प्रवृत्ति रहनु।



नि. प्रमुख सचिव

- मर्मत सम्भारको नाममा विनियोजन भन्दा अत्यधिक बढीको काम गराएर भुक्तानी हुन नसक्नु।
- बहुवर्षीय आयोजनाको बाँकी दायित्व भुक्तानीमा स्रोत व्यवस्थापन चुनौती हुनु।
- स्रोतको प्राप्ति र बहुवर्षिय आयोजनाको लागि प्रदान गरिने स्रोत सहमति बीचमा तालमेल नहुनु।
- आर्थिक र वित्तीय असन्तुलनको साथै कोष ब्यवस्थापनमा समेत चुनौति हुने किसिमबाट बहुवर्षीय आयोजना छनौट तथा श्रोत सहमती प्रदान गर्ने प्रवृति रहनु।
- आयोजना छनौट प्रणाली व्यवस्थित नभएको। प्रदेशले १-२ लाख देखिका स-साना आयोजना/कार्यक्रम सञ्चालन गर्ने प्रवृत्ति रहनु।
- सार्वजनिक खर्चको मापदण्डको पूर्ण कार्यान्वयनमा समस्या हुनु।
- प्रदेश आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ को ब्यबस्था बमोजिम आयोजना बैंकमा समावेश गर्ने, प्राथमिकता निर्धारण गरी विनियोजन गर्ने प्रणाली कार्यान्वयन हुन नसक्नु।
- आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुरुप बजेट विनियोजन हुन नुसक्नु।
- प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित रहनु।
- संघ वा स्थानीय तहले खर्च व्यहोर्ने क्षेत्रमा समेत विनियोजन गर्ने प्रवृत्ति रहनु।
- संघमा रहेका निकायसँग दोहोरो हुने गरी स्वायत्त संस्था, बोर्ड, प्रतिष्ठान स्थापना गर्ने प्रवृत्ति रहनु।
- चालु र प्रशासनिक खर्च वृद्धि भईरहनु,
- वित्तीय अनुशासन परिपालनाको अभाव रहनु।

मन्त्रालयसँग सम्बन्धित

- लेखा समूहका, राजस्व प्रशासन सहितका जनशक्तिको अभाव रहनु।
- सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्न नसक्नु।
- प्रदेश योजना आयोग र मन्त्रालयको स्पष्ट कार्यजिम्मेवारी बाँडफाँट गर्न समस्या रहनु।
- संघीय को.ले.नि.का. बाट कार्यसम्पादन गराउनुपर्ने अवस्था रहनु।

## ४.४ उद्योग, कृषि तथा सहकारी मन्त्रालय

नेपालको संविधान अनुसार सहकारी क्षेत्रलाई प्रबर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक प्रयोग गर्ने र कृषि तथा भूमि सुधार सम्बन्धी नीति अवलम्बन गरि भूमि व्यवस्थापन, कानून तथा मापदण्डको



नि. प्रमुख सचिव

तर्जुमा, कार्यान्वयन र नियमनको आवश्यकता महसुस गरी संघीयता लागु भए पश्चात प्रदेशस्तरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको हो। तदअनुरुप नेपालको संविधानमा उल्लेख भए बमोजिम निश्चित कार्य विवरण तोकी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको २०७४ साल फागुन ३ गते स्थापना भएकोमा तत्कालिन प्रदेश नं. १, प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०७८/१०/२३ गतेको निर्णय अनुसार भूमि व्यवस्था तथा सहकारी हेर्ने अलग मन्त्रालय थप भई यस मन्त्रालयको नाम कृषि मन्त्रालय कायम भएको थियो। प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयको कार्यक्षेत्रमा विस्तार भई मिति २०७९/१०/०६ मा भएको मन्त्रिपरिषदको निर्णयानुसार मन्त्रालयको नाम उद्योग, कृषि तथा सहकारी मन्त्रालय कायम गरी हाल कृयाशील रहेको छ।

### ४.४.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार उद्योग, कृषि तथा सरकारी मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१ कृषि, पशु विकास तथा खाद्य सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२ कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण,
३ कृषि, औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,
४ कृषि तथा पशु व्यवसायको यान्त्रिकीकरण, विकास तथा विस्तार,
५ कृषिवाली तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,
६ कृषिउपज, कृषिजन्य बस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामाग्री तथा बीउबिजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन,
७ प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभूता र खाद्य गुणस्तर,
८ कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,
९ कृषि मल, बीउ र विषादी आपूर्ति व्यवस्था र नियमन,
१० कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण,
११ कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,
१२ कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,
१३ कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन,
१४ राष्ट्रिय नीति बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,



नि. प्रमुख सचिव

१५ सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन,

१६ चरन तथा खर्क सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१७ कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र विक्रि वितरणको अनुमति, अनुगमन र नियमन

१८ उद्योग तथा वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन,

१९ उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,

२० औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

२१ संघको समन्वय र सहकार्यमा प्रदेशमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

२२ औद्योगिक वस्तु निर्यात प्रवर्द्धन,

२३ प्रादेशिक व्यापार प्रवर्द्धन, समन्वय, तथ्याङ्क प्रणाली,

२४ बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन, अनुसन्धान र नियमन,

२५ ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन

२६ संघको सहमतिमा औद्योगिक विषयका करारजन्य सम्झौता,

२७ व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,

२८ खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन,

२९ संघको समन्वयमा खानीजन्य पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना र सञ्चालन,

३० खानी सम्बन्धी भौगर्भिक अध्ययन, अनुसन्धान र नक्साङ्कन,

३१ वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन,

३२ संघ र स्थानीय तहसँगको समन्वयमा उपभोक्ता अधिकार संरक्षण तथा प्रवर्द्धन,

३३ संघ र स्थानीय तहसँगको समन्वयमा सिन्डिकेट, कार्टेलिङ, अनुचित मूल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन,

३४ संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

३५ अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण प्रक्षेपण, र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्ति अन्तर प्रादेशिक र स्थानीय तहबीच समन्वय,

३६ करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा र कार्यान्वयन,



नि. प्रमुख सचिव

३७ संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन र नियमन,

३८ संघसँगको समन्वयमा दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

३९ प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

४० प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

४१ प्रदेशभित्रका ठूला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन,

४२ औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना,

४३ उद्यमशिलता विकास तालिम औद्योगिक प्रशिक्षण,

४४ औद्योगिक विवाद समाधान,

### ४.४.२ वित्तीय विवरण

| क्र. स. | विवरण | बार्षिक विनियोजन | बार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|---|
| (क) | पुँजिगत तर्फ | | | |
| | प्रदेश स्रोत | २१९४७० | १८०६५० | ८२.३१ |
| | संघ सशर्त स्रोत | | | |
| | पुँजिगत तर्फको जम्मा | २१९४७० | १८०६५० | ८२.३१ |
| (ख) | चालु तर्फ | | | |
| | प्रदेश स्रोत | १९६५१३९ | १४०२९३२ | ७१.३९ |
| | संघ सशर्त स्रोत | ३१८५५३ | २५९८०९ | ८१.५६ |
| | संघ विषेश अनुदान | १४५००० | १०५१०६ | ७२.५० |
| चालु तर्फको जम्मा | | २४२८६९२ | १७६७८४७ | ७२.७९ |
| कुल जम्मा | | २६४८१६२ | १९४८४९८ | ७३.५८ |

### ४.४.३ प्रमुख उपलब्धिहरू

- व्यवसायिक फलफुल प्रवर्द्धन तर्फ

व्यवसायिक फलफुल खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत २१ हेक्टर क्षेत्रफलमा किवि खेती विस्तार भएको छ। ३७३ किसान परिवारमा व्यवसायिक फलफुल बगैंचा स्थापना भई १०९ हे. क्षेत्रफलमा व्यावसायिक केरा र ड्रागन फ्रुट खेती विस्तार भएको छ। १६ हे. क्षेत्रफलमा



नि. प्रमुख सचिव

३२ वटा सुन्तलाजात बगैंचा व्यवस्थापन भएको र आगामी वर्ष रोग कीराको व्यवस्थापन तथा क्षेत्र विस्तार भई उत्पादनमा १५ प्रतिशतले वृद्धि हुने छ।

- मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम

प्रदेश भित्रका विभिन्न ३७ स्थानमा कार्यक्रम सञ्चालन भएको र राजमार्ग आसपासका ३४० कृषकहरुले ४५ हेक्टरमा आधुनिक तरिकाले मौसमी तथा बेमौसमी तरकारी खेती शुरु गरेका छन्। प्रति वर्ष ५०० मे. टन उत्पादन वृद्धि हुने अनुमान गरिएको छ।

- कफी खेति विस्तार कार्यक्रम

प्रदेश भित्रका विभिन्न १५ स्थानमा ३२ हेक्टर क्षेत्रफलमा व्यावसायिक कफि खेती क्षेत्र विस्तार भएको छ। आगामी ४ वर्ष पछि उत्पादनमा ३० मे. टन थप हुनेछ।

- अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रम

प्रदेश भित्रका विभिन्न ७ स्थानमा ४१ हेक्टर क्षेत्रफलमा नमूना अलैंची वगान स्थापना भएको छ। आगामी ३ वर्ष पछि थप २१.४ मे. टन गूणस्तरीय अलैची उत्पादन बढ्नेछ।

- चक्लावन्दी खेती प्रवर्द्धन कार्यक्रम

एउटा सहकारी र ३ वटा कृषक समूह मार्फत ५३ थान मोटर बोरिङ्ग जडान, ६ थान ट्र्याक्टर खरिद, ३ धान थ्रेसर मेसिन खरिद, ४ थान कल्टिभेटर खरिद, ५ थान रोटाभेटर खरिद, २ थान डिस्क हेरो खरिद, २ थान लेभ्लर खरिद, १७ थान नेपसेक स्प्रयेर खरिद, १ थान पम्प सेट जडान, १५० हे. जग्गा सम्याइएको छ भने २०० हे. क्षेत्रफलमा सिंचाई सुबिधा पुगी सामुहिक खेतिको प्रवर्द्धन हुनेछ।

- चैते धान बिशेष सहयोग कार्यक्रम

प्रदेश भित्रको २४४ हे. क्षेत्रफलमा थप चैते धान खेती बिस्तार (क्षेत्र बिस्तार वापत प्रति कठ्ठा रु ५०० अनुदान वितरण) भएको छ। अनुमानित १३९६ मे. टन चैते धान थप उत्पादन भएको छ।

- गड्यौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम

प्रदेश भित्र ४२ वटा भकारो सुधार तथा ८२ गडयौली मल उत्पादन का लागि vermicompost pit निर्माण भई १५० मे. टन गुणस्तरयुक्त मल उत्पादन हुने कार्यक्रम संचालित क्षेत्रमा रासयनिक मलमा निर्भरता कम हुने। प्राङ्गारीक मल प्रयोगमा अनुदान तर्फ ७१३ मे. टन प्राङ्गारीक मलमा प्रति के. जी. रु दश रुपैयाका दरले अनुदान उपलब्ध गराईएको छ।



नि. प्रमुख सचिव

- **एक पालिका एक नर्सरी स्थापनामा सहयोग**

प्रदेश भित्रका विभिन्न स्थानमा ३५ वटा सिंचाई सहितको स्क्रिन हाउस निर्माण र नर्सरीमा चाहिने उपकरणहरु खरिदमा सहयोग गरिएको छ। वार्षिक ३५००० भन्दा बढी विभिन्न वर्षे तथा हिउदें फलफूलका विरुवा उत्पादन हुनेछ।

- **मागमा आधारित कार्यक्रम**

सिंचाई पुर्वाधार निर्माण, यान्त्रीकरण र प्रविधि अवलम्बन सहयोग १६० हे. भन्दा बढी क्षेत्रफलमा सिंचाइको सुविधा विस्तार भएको छ। तरकारीको उत्पादनमा ४५० मे. टन थप हुने र मौरी मह उत्पादनमा ४०० के. जी. थप हुने र यन्त्र उपकरणको प्रयोगले कृषकको लागत खर्च १५-२० प्रतिशत कम हुनेछ। पशुपन्छी क्षेत्र समेत गरी २२२ जना कृषकहरुलाई उन्नत प्रविधि अवलम्बनमा सहयोग पुगेको छ।

- **प्याज उत्पादन प्रवर्द्धन कार्यक्रम**

करिव २५ हेक्टर जग्गामा प्याज खेतिको प्रवर्द्धन भएको र २७० मे. टन प्याज उत्पादन भएको छ र आगामि वर्षमा प्याज खेती थप २० हेक्टर क्षेत्रफलमा विस्तार हुनेछ।

- **आलु भण्डारणको लागि रष्टिक स्टोर भण्डार निर्माण**

४ वटा रष्टिक स्टोर निर्माण भएको छ जसमा ३२ मे. टन भन्दा बढी आलु भण्डारण हुने र बजारको माग अनुसार आलुको गुणस्तरीय वीउ आलु आपुर्तिमा सहजता आउनेछ।

- **महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम**

महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम मार्फत ९८ जना महिलाहरुलाई उन्नत कृषि प्रविधि अवलम्बनमा ९५ लाख सहयोग उपलब्ध गराईएको छ जसले उनीहरुको आयस्तरमा सुधार हुने अपेक्षा गरिएको छ।

- **युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम**

युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम मार्फत ३३७ जना युवाहरु सहभागी भै ९४३ आधुनिक मौरी घार, ४०९ प्लास्टिक घार, ईन्सेक्ट नेट/ग्रिन नेट, १९ सेट मोटर जडान, ५४ च्याउ घर निर्माण, २८ मिनिटिलर, १० बोरिङ्ग सेट निर्माण मार्फत च्याउ मह र तरकारी उत्पदनमा बृद्धि भएको छ।

- **हाईब्रिड मकै खेती विस्तार आयोजना (Area based cash incentives) क्षेत्र विस्तार**



नि. प्रमुख सचिव

प्रति हेक्टर १५ हजारका दरले हाईब्रीड मकै उत्पादनमा कुल ३७६ हे. क्षेत्रफलमा ५६ लाख ५० हजार प्रोत्साहन उपलब्ध गराईएको छ।

- **माटो परीक्षण शिविर संचालन**

  प्रदेश भित्र विभिन्न स्थानमा २८ वटा माटो परीक्षण शिविर संचालन भएको छ। २८०० वटा माटोको नमुना परीक्षण भई माटोको अवस्था बारे कृषकहरुलाई जानकारी भएको छ।

- **प्लान्ट क्लिनिक संचालन**

  ५१ वटा प्लान्ट क्लिनिक संचालन भई रोग किरा लागेका वाली विरुवाको नमुना अवलोकन, परीक्षण तथा सल्लाह सुझाव प्रदान गरिएको छ। त्यसैगरी २५०० घर परिवारका कृषकहरुले आफ्नो वालि विरुवाको परीक्षण गराएका छन्।

- **मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम**

  १२९० हेक्टर क्षेत्रफलमा उन्नत बीउको प्रसार भएको छ। आधुनिक यन्त्र उपकरणको प्रयोगबाट उत्पादन लागत घट्ने तथा नयाँ प्रविधिवाट मकै रोप्न सहज भएको छ। उत्पादनमा करिब १५ देखि २०% वृद्धि हुने अपेक्षा गरिएको छ।

- **सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरणमा सहयोग**

  प्रदेश भित्र २ वटा सुपारी प्रशोधन भवन निर्माण र यन्त्र उपकरणमा सहयोग मार्फत वार्षिक ५५०० मे. टन सुपारी प्रशोधन हुन सक्ने भएको छ। करिव ३० जनाले रोजगारी पाउने छन्।

- **कृषि/पशु सहकारी संस्थाहरुसंगको सहार्यमा व्यबसायिक पशु पालन कार्यक्रम**

  प्रदेश भित्र विभिन्न स्थानमा १३ वटा सहकारी मार्फत कार्यक्रम सम्पन्न गरी ४ करोड ५१ लाख ४१ हजार सहयोग उपलब्ध गराईएको छ। यस कार्यक्रम मार्फत गाईभैसीका २३७ वटा गोठ, बाख्राका १०२ वटा खोर निर्माण, ३९ वटा उन्नत गाई, १४ वटा साँढे, ४०० वटा उन्नत जातका बाख्रा, १३ वटा प्रजननयोग्य बोका, १९४ वटा च्याफ कटर, १२७ वटा काउ म्याट, ६० वटा ब्हील ब्यारो र २४७ वटा मिल्क क्यान गरिएको छ जसवाट ६०० किसान घर परिवार लाभान्वित भएका छन्।

- **बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम (मासुमा अत्मनिर्भर कार्यक्रम अन्तर्गत)**

  विभिन्न ९ वटा सहकारी मार्फत कार्यक्रमबाट बाख्राका २४९ वटा आधुनिक खोर निर्माण, ४२९ उन्नत पाठी, ५६ वटा उनन्त बोका, २८ वटा च्याफ कटर वितरण तथा ७ वटा डिपिङ्ग



नि. प्रमुख सचिव

टयाकं, एउटा साईलो पिट निर्माण, एउटा साईलेज कटर वितरण गरी ३४३ कृषक घरपरिवार व्यवसायिक बाख्रापलनमा अग्रसर भएका छन्। कार्यक्रमबाट रु ३ करोड ४५ लाख ५६ हजार सहयोग उपलब्ध गराईएको छ।

- **व्यावसायिक भैंसीपालन प्रवर्द्धन कार्यक्रम**

प्रदेश भित्रका विभिन्न स्थानमा १९ वटा भैसी गोठ निर्माण, १२२ वटा च्यापकटर वितरण, १५ वटा cow म्याट, ५७ वटा कम्बाईन मिल, १० वटा फ्लावर मिल, ७ वटा डिफ फ्रीज, २० वटा मिल्क क्यान तथा एउटा दुध सकंलन केन्द्र निर्माण मार्पत व्यवसायिक भैसीपालन प्रवर्द्धन शुरुवात भएको छ। यसवाट १३९ किसान घरपरिवार प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।

- **अदुवा र अलैची प्रशोधन उद्योग यन्त्र उपकरण खरिदमा सहयोग**

निजी उद्यमीहरुको लागत सहभागितामा झापाको विर्तामोडमा एउटा अलैची प्रसोधन उद्योग र एउटा अदुवा प्रशोधन उद्योगको निर्माण गरिएको छ।

- **युवा लक्षित पशुपालन कार्यक्रम**

१०८ जना युवाहरु व्यवसायिक पशुपालनमा सहभागि भई स्वरोजगार वनेका छन्।

- **द्वन्द्वपिडित पशुपंक्षीपालन कार्यक्रम**

उन्नत पशुपंक्षी पालन तथा पशुजन्य उत्पादन विवधीकरणमा ७४ जना सहभागि भएको २ करोड ९ लाख ४३ हजार सहयोग उपलब्ध गराइएको छ। ७४ जना द्धन्द पिडितहरु व्यवसायिक पशुपालनमा सहभागि भई स्वरोजगार वनेका छन्।

- **दुध उत्पादनका आधारमा अनुदान**

दुध उत्पादनमा प्रोत्साहन स्वरुप प्रति लीटर रु २ रुपैंयाका दरले कुल ७ करोड ७४ लाख ४ हजार भुक्तानि भएको। यसबाट जम्मा २०,२७६ जना किसान लाभान्वित भएका छन् जसमा ६४% महिला सदस्यहरु रहेका छन्। औषतमा प्रति किसान ३८१७ रुपैया प्रोत्साहन उपलब्ध भएको छ।

- **स्थानीय तहको सहकार्यमा पूर्वाधार निर्माण**

विभिन्न स्थानीय तहहरुमा ६५ वटा साना कृषि बजार संरचना, २२ स्थानमा मोटर वोरिङ्ग सिचाई तथा कुलो निर्माण, ५ वटा प्रसोधन केन्द्हरु निर्माण सम्पन्न भएका छन्।

- **वीउ प्रशोधन पूर्वधार/वीउ भण्डारण गृह निर्माण**



नि. प्रमुख सचिव

प्रदेश भित्र विभिन्न स्थानमा ५ वटा वीउ प्रसोधन पुर्वाधारहरु स्थापना भई कम्तीमा २५०० मे. टन वीउ प्रशोधन भर भण्डारण क्षमता विस्तार भएको छ। २ करोड ८८ लाख सहयोग उपलब्ध गराईएको छ। यसले खाद्यान्न वीउ आपुर्ति प्रणालीमा सुधार भई उन्नत वीउको उपलब्धता बढने अपेक्षा गरिएको छ।

- खाद्यान्न भण्डारण गृह निर्माण

प्रदेश भित्र विभिन्न स्थानमा ७ वटा खाद्यान्न भण्डारण गृह निर्माण भई न्यूनतम २००० मे. टन खाद्यान्न भण्डारण पूर्वाधार निर्माण भएको छ। रु ३ करोड ४१ लाख सहयोग रकम उपलब्ध गराईएको छ। किसानहरुले कम मूल्य भएको समयमा खाद्यान्न भण्डारण गरी उच्च मूल्य भएको समयमा बिक्री गरी मुनाफा आर्जन गर्न सक्नेछन्।

- बोयर बोका वितरण

४१८ बटा क्रस वोयर बोका वितरण गरिएको छ जसका लागि कुल ४ करोड ४२ लाख ७८ हजार खर्च भएको छ।

- धानबाली प्रवर्द्धन कार्यक्रम

झापा, मोरङ्ग, सुनसरी र उदयपुरका विभिन्न पालिकाहरुमा संचालन भई धान उत्पादन सम्बद्ध यन्त्र उपकरण र प्रशोधन पुर्वाधार निर्माण सहयोग गरिएको।रु १ करोड ५३ लाख ७० हजार रकम सहयोग उपलब्ध गराईएको छ। यसवाट आधुनिक यन्त्र उपकरणको प्रयोगले उत्पादन लागत घटनेछ।

- मकैबाली प्रवर्द्धन कार्यक्रम

झापा, मोरङ्ग, सोलुखुम्बु, संखुवासभा र तेह्रथुम जिल्लाका विभिन्न पालिकाहरुमा संचालन भई मकै उत्पादन सम्बद्ध यन्त्र उपकरण र प्रशोधन पूर्वाधार निर्माणमा सहयोग पुगेको छ। यस कार्यक्रमबाट रु १ करोड २८ लाख बरारबरको रकम सहयोग उपलब्ध गराईएको छ।

- दलहन बाली प्रवर्द्धन कार्यक्रम

ताप्लेजुङ्ग र मोरङ्ग जिल्लामा संचालन गरी रु ३० लाख २३ हजार सहयोग रकम उपलब्ध गराईएको छ। दलहन वाली सम्बद्ध आधुनिक यन्त्र उपकरणको प्रयोगले उत्पादन लागत घटनेछ।

- तेलहन बाली प्रवर्द्धन कार्यक्रम



नि. प्रमुख सचिव

झापा, मोरङ्ग र सुनसरी जिल्लाका पाँच स्थानीय तहहरुमा संचालन भएको र रु ७३ लाख ७० हजार सहयोग रकम उपलब्ध गराईएको छ। तेलहनवालीको क्षेत्रफल बृद्धि भएको छ।

- **गाइ/भैसी व्लक विकास कार्यक्रम**

  २ वटा डेरी भवन, ४६ वटा गोठ निर्माण, १५ वटा गाई ३ वटा साँढे ४० वटा च्याफ कटर एक लाख छब्बीस हजार घाँसको सेट एउटा दुध ढुवानी साधन, ५३५ वटा युरिया मोलासेस ब्लक, २०० वटा मिल्क क्यान, २ वटा साईलो पिट, २०० मिल्क क्यान र ११३ काउ म्याट खरिद मार्फत ११२६ किसान घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन्।

- **बाख्रा व्लक विकास कार्यक्रम**

  बाख्रा व्लक विकास कार्यक्रम मार्फत १५८ वटा खोर निमार्ण ३८ उन्नत बोका वितरण २३८ माउपाठी वितरण ८१ वटा च्याफ कटर १३ कम्बाइन मील आदि वितरणबाट ९२५ किसान घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन्।

- **बंगुर व्लक विकास कार्यक्रम**

  यस कार्यक्रमबाट ६८ वटा खोर निमार्ण, ३१० पाठापाठी, ६० वटा बिर, २१ वटा कम्बाईन मिल लगाउन विभिन्न उनन्त प्रविधि प्याकेज मार्फत ब्यावसायिक बंगुरपालन गर्ने २०८ किसान प्रत्यक्ष लाभान्वित भएका छन्।

### ४.४.४ कार्यान्वयनमा देखिएका समस्याहरु

- मन्त्रालय मातहतका निकाय र कार्यालयहरुमा लेखा तथा प्राविधिक तर्फका कर्मचारीहरु रिक्त रहेकाले कार्यसम्पादनमा समस्या हुनु।
- ग्रामीण क्षेत्रवाट सहरी क्षेत्रमा बसाई सराईले गाँउवस्तीमा कृषि कामदारको अभाव भई जमीन वाँझो रहेकोले कृषि उत्पादन घटनु।
- कर्मचारी समायोजन पश्चात कृषि तर्फ सातौ तहवाट दशौ तह सम्मको प्राविधिकहरुको अभावले प्रदेशका कृषि, पशुपन्छी र उद्योग क्षेत्रका प्रादेशिक कार्यालयमा र स्थानीय तहहरुमा पनि कर्मचारी अभावले गुणस्तरीय सेवा प्रवाह गर्न कठिनाइ हुनु।
- सहकारी क्षेत्रमा रजिस्ट्रार कार्यालयको सीमित जनशक्तिबाट सहकारीको अनुगमन नियमन र सहकारी क्षेत्रमा विद्यमान रहेका समस्याहरु समाधान गर्ने कार्य चुनौतिपुर्ण हुनु।



नि. प्रमुख सचिव

## ४.५ समाजिक विकास मन्त्रालय

समाजिक हित र विकासको लागि कार्य गर्न सामाजिक विकास मन्त्रालयको स्थापना भएको हो। यसको उद्देश्य समाजको सामाजिक विकास सम्बन्धी विकास कार्यको हेरचाह गर्नु रहेको छ।

### ४.५.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार समाजिक विकास मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. महिला हक सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन,

३. महिला अधिकार सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४. महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्वन्धी अध्ययन, अनुसन्धान,

५. बाल बालिकाको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

६. बाल अधिकार सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

७. बालमैत्री शासकीय प्रवन्ध, सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

८. जेष्ठ नागरिकको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

९. जेष्ठ नागरिक सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१०. अपाङ्गता भएका नागरिकको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

११. अपाङ्गता भएका नागरिक सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१२. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती, असहाय र अशक्त, बालबालिकाका र महिला सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

१३. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख व्यवस्थापन र समन्वय,

१४. समाज कल्याण र संघ संस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,



नि. प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

१५. सामाजिक सुरक्षा र संरक्षण सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,
१६. सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन सम्वन्धमा संघ, प्रादेशिक निकाय तथा स्थानीय तहसँग सम्पर्क, समन्वय र सहकार्य,
१७. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून, तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
१८. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
१९. प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२०. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालीम र छात्रवृति सम्वन्धी नीति, कानून, तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण,
२१. प्रदेशस्तरको शैक्षिक मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
२२. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,
२३. माध्यमिक तहको परीक्षा व्यवस्थापन,
२४. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
२५. युवा सम्वन्धी प्रादेशिक नीति, कानून, तथा येजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञिनक प्रोत्साहन,
२६. खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन,
२७. खेलकूद प्रशासन र संध संस्थाको समन्वय र नियमन,
२८. राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम अयोजना र सहभागिता,
२९. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्वन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग,
३०. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार र विकास,
३१. विज्ञान प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,
३२. संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
३३. भाषा, लिपि, संस्कृति, ललितकलाको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,



नि. प्रमुख सचिव

मुख्यमन्त्री प्रदेश सरकार तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

३४. ऐतिहासिक, धार्मिक, पुरातात्विक, साँस्कृतिक कला र वास्तुकलाको दृष्टिले महत्वपूर्ण स्थलहरुको अध्ययन तथा अनुसन्धान, साँस्कृतिक संग्रालय र अभिलेखालय,

३५. ऐतिहासिक महत्वका धार्मिक सांस्कृतिक धरोहर संरक्षण सम्वन्धी नीति र कानून तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान,

३६. सांस्कृतिक परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,

३७. रोजगारी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन,

३८. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्वन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य,

३९. वैदेशिक रोजगारमा जाने र फर्कने नागरिकको अभिलेख व्यवस्थापन,

४०. वैदेशिक रोजगारबाट फर्केकाहरुको ज्ञान सीप उपयोग गर्ने नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन,

४१. रोजगार सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४२. श्रम सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४३. प्रदेश श्रम सल्लाहकार परिषद्, श्रम र सामाजिक सम्वाद सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४४. श्रमशक्ति, श्रम सम्बन्ध, श्रम बजार सम्वन्धी अध्ययन, अनुसन्धान, श्रमशक्ति सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन।

## ४.५.२ वित्तीय विवरण

| विवरण | विनियोजित बजेट | | | खर्च रकम | | | प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा |
| प्रदेश सरकार अनुदान | ८९०९३३ | ५२११५ | ९४३०४८ | ६६१९०५ | २०७३३ | ६८२६३८ | ७४.२९ | ३९.७८ | ७२.३९ |
| संघ शसर्त अनुदान | ५९०४०० | १५८२०० | ७४८६०० | ५२४३१४ | १३१६९६ | ६५६००९ | ८८.८१ | ८३.२५ | ८७.६३ |
| कुल जम्मा | १४८१३३३ | २१०३१५ | १६९१६४८ | ११८६२१९ | १५२४२९ | १३३८६४७ | ८०.०८ | ७२.४८ | ७९.१३ |



नि. प्रमुख सचिव

### ४.५.३ प्रमुख उपलब्धिहरू:

- मिति २०७९/०५/२३ मा साक्षर प्रदेश घोषणा गरिएको छ।
- दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना अन्तर्गत करिब ४०० जना प्रशिक्षार्थीहरुका लागि २४ महिने Dual Vet Apprenticeship कार्यक्रम सञ्चालन गरिएको छ।
- उत्कृष्ट व्यवस्थापन भएका सामूदायिक माध्यमिक विद्यालयहरु र आधारभूत विद्यालयहरुलाई सम्मान गरिएको छ।
- प्रदेश सरकार, स्थानीय सरकार तथा करुणा फाउण्डेसनको त्री-पक्षीय साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम सञ्चालन गरिएको छ।
- यस मन्त्रालयका विभिन्न क्षेत्रसँग सम्बन्धित करिब १६ वटा कानुनहरु निर्माण गरिएको छ।
- नमूना सामूदायिक माध्यमिक विद्यालय कार्यक्रम सञ्चालन गरिएको छ।
- १ वटा दीर्घकालीन पुनस्थापना गृह, १६ वटा अल्पकालीन पुनर्स्थापना गृह, ८ वटा वृद्धाश्रम र १६ वटा बाल कल्याण गृहलाई सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइएको छ।
- युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम सम्पन्न भएको छ।
- सबै जिल्लास्तरीय रंगशाला/खेलमैदानको निर्माण/स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइएको छ।

### ४.५.४ कार्यान्वयनमा देखिएका समस्याहरु

- सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्रमा पर्ने शिक्षा, युवा तथा खेलकुद र सामाजिक विकाससँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्न जिल्लास्थित कार्यालय नहुनु।
- स्थानीय तहसँग प्रभावकारी समन्वयको अभावका कारणले वित्तीय हस्तान्तरणबाट निकासा भएको बजेट कार्यान्वयन र प्रतिवेदनमा कठिनाइ उत्पन्न हुनु।


नि. प्रमुख सचिव

## ४.६ स्वास्थ्य मन्त्रालय

प्रदेश संरचनाको स्थापना कालमा गठन भएको ७ वटा मन्त्रालय मध्ये सामाजिक विकास मन्त्रालय विभाजन भई मिति २०७८/१०/२३ गते स्वास्थ्य मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालय मातहत स्थायी प्रकृतिका प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १४ वटा अस्पतालहरु, १४ वटा स्वास्थ्य कार्यालयहरु, १४ वटा आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु लगायतका कार्यालयहरु रहेका छन्।

### ४.६.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार स्वास्थ्य मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्रदेशमा स्वास्थ्य सेवामा आवद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण, कार्यान्वयन र अनुगमन,
३. प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,
४. स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,
५. प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,
६. ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण र सोको कार्यान्वयन तथा अनुगमन,
७. स्वास्थ्य सेवाको प्रभावकारिता अभिबृद्धिका लागि संध र स्थानीय तहसँग समन्वय र सहकार्य,
८. स्वास्थ्यकर्मीको आचार संहिता निर्माण, कार्यान्वयन तथा अनुगमन,
९. प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेन्स, शवबाहन र सम्पतिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,
१०. नागरिकलाई अत्याधुनिक तबरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने विषय,
११. प्रवद्धबातमक, प्रतिकारात्मक र उपचारात्मक, प्रसामक तथा पुनर्स्थापनात्मक स्बास्थ्य सेवाको व्यवस्थापन,



नि. प्रमुख सचिव

१२. स्वास्थ्य सेवा सम्वन्धी प्रदेश स्तरिय प्रज्ञिक, व्यवसाहिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,
१३. प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
१४. राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामाग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिषर्जन, गुणस्तरिय तथा मापदण्ड निर्धारण र नियमन,
१५. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, संचालन, अनुमति र नियमन,
१६. राष्ट्रिय मापदण्ड बमोजिम संघ र स्थानीय तहसंगको समन्वयमा स्वास्थ्य बिमा कार्यान्वयन र पहुच विस्तार एंव सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,
१७. औषधि निगरानी (फर्मा कोभिजिलेन्स) औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (एन्टी माईक्रोवायल रेसिस्टेन्स) न्यूनीकरण,
१८. खोपको आपुर्ति र व्यवस्थापन,
१९. संबेदनशील औषधी तथा अन्य स्वास्थ्य सामाग्री खरीद तथा आपुर्ति व्यवस्थापन,
२०. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्वन्धी अध्ययन तथा अनुसन्धान, स्वास्थ्य लेखा पद्धतीको संस्थागत व्यवस्थापन, सुचना प्रवाह प्रणलीको व्यवस्थापन,
२१. जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,
२२. सुर्तिजन्य वस्तुको नियन्त्रणको लागि समन्वय तथा नियमन,
२३. स्वास्थ्य सम्वन्धी अल्पकालीन अवस्था, महामरी व्यवस्थापन, आकस्मिक स्वास्थ्यसेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,
२४. सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,
२५. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पुर्वाधार विकास तथा व्यवस्थापन,
२६. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,
२७. प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्वन्धी प्रदेशिक नीति, कानून, तथा मापदण्डको तर्जुमा र कार्यान्वयन,
२८. स्वास्थ्य सरसफाई तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्वन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२९. आयुर्वेदिक, युयानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,


नि. प्रमुख सचिव

३०. जनसंख्या, बसाईसराई, र परिवार नियोजन सम्वन्धी प्रादेशिक नीति, कानून तथा योजनाको तर्जुमा, कार्यान्वयन र नियमन अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्वन्धमा संघ तथा स्थानीय तहसंग समन्वय।

### ४.६.२ वित्तीय विवरण

(रु लाखमा)

| विवरण | बजेट (रु) | खर्च (रु) | प्रगति (%) |
|---|---|---|---|
| **जम्मा विनियोजित वजेट र खर्च** | ३६४०२ | २४४६७ | ६७.२१ |

### ४.६.३ प्रमुख उपलब्धिहरू:

अस्पताल तर्फ

- प्रदेश सरकारको निर्णयानुसार चालु आ. व. मा प्रादेशिक अस्पताल भद्रपुरलाई २०० शैयामा र जिल्ला अस्पताल पाँचथर, तेह्रथुम र भोजपुरलाई ५० शैयामा स्तरोन्नति गरिएको छ।
- प्रदेश मातहतका १४ वटै अस्पतालहरूको दुई पटक न्युनतम सेवा मापदण्डको (Minimum Service Standards) लेखाजोखा गरी सुधारका लागि कार्ययोजना बनाई लागू गरिएको छ।
- साथै स्थानीय तह अन्तर्गतका मादी नगर अस्पताल, कटारी अस्पताल, रँगेली अस्पतालको दुई पटक र दमक अस्पतालको एक पटक न्युनतम सेवा मापदण्डको लेखाजोखा गरिएको छ।
- प्रादेशिक अस्पताल भद्रपुर, जिल्ला अस्पताल सुनसरी र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा फिजियोथेरापी सेवा सञ्चालनका लागि आवश्यक औजार उपकरण खरिद तथा जनशक्ति व्यवस्थापन गरी सेवा सञ्चालन गरिएको छ।
- जिल्ला अस्पताल खोटाङ तथा मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा CLIA मेसिन खरिद तथा जडान गरी ल्यावबाट थप सेवा शुरू गरिएको छ।
- जिल्ला अस्पताल उदयपुर र धनकुटामा डि. आर. एक्सरे मेसिन खरिद तथा जडान गरी सेवा सञ्चालन गरिएको छ।



प्रमुख सचिव

- प्रादेशिक अस्पताल भद्रपुर, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर र इलाम अस्पतालको डीपीआर निर्माणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय अन्तर्गत रहेको प्रदेश सहयोग कार्यक्रम मार्फत कार्य अघि बढाइएको छ।
- प्रादेशिक अस्पताल भद्रपुरमा बालरोग र मानसिक रोग विशेषज्ञ र जिल्ला अस्पताल उदयपुरमा शल्यचिकित्सक नियुक्ती गरी सेवा सञ्चालन गरिएको छ।
- प्रादेशिक अस्पताल भद्रपुरमा ९२ जना बिरामीहरुको निःशुल्क हाइड्रोसिलको शल्यक्रिया गरिएको छ।
- प्रादेशिक अस्पताल भद्रपुरमा Plasma Sterilizer मेसिन खरिद गरी जडान भएको छ।
- लैङ्गिक हिंसा पिडितहरुलाई एकद्वारबाट सेवा प्रदान गर्न प्रदेश मातहतका सम्पूर्ण अस्पतालहरूबाट (मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर बाहेक) एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन भइरहेको छ।
- कडा कुपोषित बालबालिकाहरुलाई संस्थागत सेवा प्रदान गर्न प्रादेशिक अस्ताल भद्रपुर, जिल्ला अस्पताल ओखलढुङ्गा र जिल्ला अस्पताल खोटाङ्गमा पोषण पुनर्स्थापना गृह सञ्चालन निरन्तरता भइरहेको छ।
- दुर्गम क्षेत्रका अस्पतालमा टाढाबाट आउनुपर्ने गर्भवती महिलाहरुको सहजताका लागि जिल्ला अस्पताल सोलुखुम्बु, ताप्लेजुङ, संखुवासभा, इलाम र भोजपुरमा प्रसुति प्रतिक्षा गृह सञ्चालनमा निरन्तरता भइरहेको छ।
- प्रदेश मातहतका सम्पूर्ण अस्पतालहरूबाट आमा सुरक्षा कार्यक्रम (निशुल्क प्रसुति सेवा, यातायात खर्च, आमा तथा नवजात शिशुका लागि न्यानो लुगाहरू वितरण तथा निशुल्क गर्भपतन सेवा आदि) सञ्चालन भइरहेको छ। आ. व. २०७९/८० मा स्वास्थ्य मन्त्रालय मातहतका १४ वटा अस्पतालमा कूल ९,४६८ वटा महिलाहरूलाई निशुल्क प्रसुति सेवा प्रदान गरिएको छ।
- प्रदेश मातहतका सम्पूर्ण अस्पतालहरूबाट विपन्न महिलाहरुमा प्रसुति जटिलता भई प्रेषण गर्नुपरेमा निशुल्क एम्बुलेन्स सेवा प्रदान भइरहेको छ।
- विशेष अनुदान तर्फ जिल्ला अस्पताल पाँचथरको आवासीय भवन निर्माण कार्य प्रकृयामा रहेको (पहिलो तल्ला ढलान सम्पन्न), जिल्ला अस्पताल ताप्लेजुङ्गको भवन निर्माण कार्य प्रकृयामा ठेक्का सम्झौता सम्पन्न भएको, जिल्ला अस्पताल धनकुटाको भवन निर्माण कार्य प्रकृयामा डि. पी. आर. सम्पन्न भई जग्गा प्राप्तिका लागि प्रकृयामा रहेको छ।



नि. प्रमुख सचिव

- प्रदेश अन्तर्गतका विभिन्न अस्पतालहरुमा कार्यरत विशेषज्ञ चिकित्सकहरुलाई प्रोत्साहन स्वरुप थप भत्ता प्रदान गर्न मन्त्रिपरिषद्‌बाट "विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९" पारित गरी लागू गरिएको छ।
- जिल्ला अस्पताल उदयपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा ल्यापरोस्कोपी मेसिन खरिद भई सेवा शुरू भएको छ।
- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा सि. टी. स्क्यानको लागि भवन निर्माण गरिएको छ।
- कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रलाई **प्रदेशस्तरीय संक्रामक रोग तथा सघन उपचार केन्द्रमा नामाकरण** गरी बहिरङ्ग सेवामार्फत सेवा प्रवाह भइरहेको छ।
- एकीकृत एम्बुलन्स सेवा सञ्चालनका लागि प्रदेशभरीका १७ वटा एम्बुलेन्सहरूमा जी. पि. एस. प्रणाली जडान गरिएको छ।
- आङ्ग खस्ने समस्या भएका २३५ जना महिलाहरुको निशुल्क शल्यक्रिया भएको छ।
    - जिल्ला अस्पताल उदयपुर -६८ जना
    - जिल्ला अस्पताल इलाम -९ जना
    - जिल्ला अस्पताल धनकुटा -२३ जना (५ जना भोजपुर र ५ जना ताप्लेजुङ्गमा गई शल्यक्रिया गरेको समेत)
    - प्रादेशिक अस्पताल भद्रपुर -१ जना
    - स्वास्थ्य निर्देशनालय, धनकुटा -१४३ जना (विराट नर्सिङ्ग होमसँग सेवा सम्झौता गरिएको)

## आयुर्वेद तर्फ

- २०७८ असोज १५ गते नव निर्मित भवनको उद्‌घाटन गरी प्रादेशिक आयुर्वेद अस्पताल, लखनपूरमामा विशेषज्ञ सेवा सहितको वहिरंग, पञ्चकर्म, प्रयोगशाला, फिजियोथेरापि, क्षारसूत्र सेवा सञ्चालनमा आएको छ।
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धनकुटा तथा इलामद्वारा भवन निर्माणका लागि DPR तयार भएको छ।



नि. प्रमुख सचिव

- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा आवश्यक जनशक्तिहरुको करार पदपुर्ति भएको तथा सेवा सञ्चालनमा आएको छ।
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरंग, इलाम तथा उदयपुरमा सःशुल्क आयुर्वेद फार्मेसी सञ्चालनमा आएको छ।
- वस्ति चिकित्सा एवं पूर्वकर्म सम्बन्धी तालिम म्यानुअल निर्माण भई प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुरमा तालिम कार्यक्रम सम्पन्न भएको छ।
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र उदयपुर, गाइघाटमा नँया भवनको निर्माण कार्य सम्पन्न भई सेवा सुचारु भएको छ।
- प्रदेशका सवै जिल्लाहरुमा जिल्लास्तरीय नागरीक आरोग्य कार्यक्रमको अभिमुखीकरण तथा अभियान सञ्चालन सम्पन्न भएको। त्यसैगरी जिल्लामा पालिकास्तरीय अभिमुखीकरण तथा प्रदेशका विभिन्न पालिकामा रहेका ५३ वटा नागरिक आरोग्य सेवा केन्द्रहरुद्वारा नागरिक आरोग्य अभियानका कार्यक्रमहरु सञ्चालन भएको छ।
- कोशी प्रदेशका विभिन्न ४० वटा माध्यमिक विद्यालयहरुमा कार्यक्रम सम्पन्न भई शिक्षक, शिक्षिका, विद्यार्थी, विद्यालय नर्स तथा जनप्रतिनिधिहरु लगायतले स्वस्थ जीवनशैली, सद्वृत, दिनचर्या, ऋतुचर्या, योग तथा स्थानीय जडिबुटी सम्बन्धि ज्ञान प्राप्त गरेको छ।

जनश्वास्थ्य तर्फ

- सवै स्वास्थ्य कार्यालयहरुमा खोप कोल्डचेन सेवा व्यस्थित गरी नेपाल सरकारले तोके वमोजिमको नियमित खोप सेवा प्रवाह, पूर्ण खोप सुनिश्चितता तथा नियमित खोपका लागि स्थानीय तहसमेतको संलग्नतामा कार्यक्रम संचालन गरिएको छ।
- प्रदेशका सवै जिल्लाहरुमा स्वास्थ्य कार्यालयहरु मार्फत कोभिड-१९ विरुद्धको बुस्टर मात्रा खोप अभियान संचालन तथा व्यवस्थापन गरिएको छ।
- मातृ मृत्यु पहिचान तथा मृत्युको कारण पत्ता लगाई मातृ मृत्युदर न्यूनिकरण गर्न स्वास्थ्य कार्यालय उदयपुर, मोरङ्ग, सुनसरी, पाँचथर, सोलुखुम्बुमा समुदायस्तरमा MPDSR (Maternal and Perinatal Death Surveillance and Response) कार्यक्रम संचालन गरिएको छ।



नि. प्रमुख सचिव

- परिवार नियोजन कोशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यालयहरु मार्फत स्थायी बन्ध्याकरण तथा लामो अवधीको परिवार योजना सेवा, शिविर संचालन, परिवार नियोजन सेवाको सुदृढीकरण गरिएको छ।
- मानसिक स्वास्थ्य सेवालाई अन्य स्वास्थ्य सेवासंगै एकीकृत गरी समुदायस्तरबाटै सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मीहरुका लागि Mental Health package २०७४ अनुसार तालिम संचालन भएको छ।
- अन्तराष्ट्रिय सीमा नाकाहरुमा संचालित हेल्थ डेस्क (पशुपतिनगर, काँकडभिट्टा, रानी, भन्टाबारी) व्यवस्थापन तथा स्वास्थ्यकर्मी परिचालन भएको छ।
- प्रदेशका १४ जिल्लाका १४५ वटा विद्यालयहरुमा विद्यालय नर्स करार तथा सेवा निरन्तरता गरी विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम संचालन भएको छ।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालामा आधुनिक उपकरण, प्रविधी जडान गरी विशेष प्रकृतिका ल्याव परीक्षण सेवा निःशुल्क रुपमा प्रदान गरिएको छ।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत विभिन्न औजार उपकरण, औषधी, औषधीजन्य सामग्री लगायतका खरिद कार्य समपन्न गरी सम्बन्धित सेवा केन्द्रसम्म ढुवानी गरिएको छ।

अन्य उपलब्धिहरु

- स्वास्थ्य निर्देशनालय मार्फत जिल्लास्थित अस्पतालहरुमा संचालित Special Neonatal Care Unit/Neonatal ICU को Mentoring कार्यक्रम संचालन भएको छ।
- प्रदेशका ४ वटा अस्पतालहरुमा स्तनपान प्रवर्द्धन तथा सहज वातावरण निर्माण गर्न स्तनपान कक्ष निर्माण (जिल्ला अस्पताल भोजपुर, पाँचथर, सुनसरी, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर) गरिएको छ।
- प्रादेशिक अस्पतालहरुलाई मातृशिशु मैत्री अस्पतालका रुपमा विकास गर्न Mother and Baby Friendly Hospital Initiatives (मातृ शिशुमैत्री सेवा अभियान निर्देशिका, २०७३) वमोजिम प्रदेशका ४ वटा अस्पतालहरु (जिल्ला अस्पताल संखुवासभा, उदयपुर, सुनसरी र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर) मा स्वास्थ्यकर्मीलाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएको छ।



नि. प्रमुख सचिव

### ४.६.४ कार्यान्वयनमा देखिएका समस्याहरु

- मन्त्रालय मातहतका निकाय तथा कार्यालयमा जनशक्तिको अभाव हुनु।
- नवौं/दशौं तहको मे. सु. को दरबन्दी रहेका अस्पतालमा सहायक स्तरका कर्मचारीबाट आर्थिक अधिकार सञ्चालन गर्नु परेकोले कार्यान्वयन प्रक्रियामा जटिलता हुनु।
- अस्पतालमा लेखाको दरबन्दी नहुनु र एउटै लेखाले धेरै कार्यालयको लेखा प्रशासन हेर्नु पर्ने भएकोले कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुनु।
- अस्पतालबाट हुने खरिद प्रक्रियाको कामलाई सहजीकरण गर्न प्राविधिक कर्मचारी कमी हुनु।
- आर्थिक वर्षको मध्यमा खर्च कटौति, खर्च गर्न पूर्व सहमति लिनुपर्ने जस्ता निर्देशनले उद्धेश्य अनुरुप कार्यक्रम संचालन हुन नसक्नु।

## ४.७ पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी, विराटनगरको स्थापना मिति २०७९/१०/०६ गते भएको हो। यो मन्त्रालय मिति २०७४/१०/२९ मा स्थापित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट मिति २०७८/१०/१६ गते देखि वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको रुपमा संचालन भइ पुनः संयोजन भइ स्थापना भएको हो। यस मन्त्रालयको मातहतमा प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, पर्यटन विकास आयोजना, जलाधार व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन इकाई र पर्यटन कार्यालयहरु रहेका छन्।

### ४.७.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, कार्यान्वयन र नियमन,
२. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्वन,
३. पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,
४. ग्रामिण पर्यटन, पर्या पर्यटन, सम्मेलन पर्यटन, धार्मिक पर्यटन इत्यादि सम्बन्धी,
५. संघीय कानून बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन,


नि. प्रमुख सचिव

६. संघ र प्रदेशको सम्बन्धित मन्त्रालयसँगको समन्वयमा पर्यटकीय प्रहरीको व्यवस्थापन,
७. प्रदेशस्तरमा पर्यटन प्रवर्धनका लागि संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, पूर्वाधार निर्माण, कार्यान्वयन, व्यवस्थापन र नियमन,
८. पर्यटकीय महत्वका विश्वसम्पदा सूचीमा परेका सम्पदा, प्राचिन स्मारक एवं स्थल र दरवारहरुको संरक्षण, सम्भार, उत्खनन तथा पुनर्निर्माण तथा व्यवस्थापन सम्वन्धी विषय,
९. महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन तथा अनुसन्धान,
१०. पर्यटकीय गन्तव्य स्थलको पहिचान र प्रवर्द्धन,
११. होमस्टे सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र सो सम्बन्धी पूर्वाधार निर्माण,
१२. साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन,
१३. पर्यटन विकास र प्रवर्द्धनका लागि विविधतायुक्त मौलिक कला संस्कृति र ग्रामीण पर्यटनवीचको अन्तरआवध्दता, संयोजन, समन्वय, योजन निर्माण तथा कार्यान्वयन,
१४. पर्यटकीय पदमार्ग र पर्यटकीय एडभेन्चर क्रियाकलापहरु सम्बन्धी,
१५. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
१६. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
१७. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्वन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन,
१८. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरण क्षेत्रको व्यवस्थापन,
१९. चिडियाखानाको व्यवस्थापन,
२०. जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्वन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन,
२१. वन तथा वातावरण सम्वन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,
२२. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग,
२३. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन,
२४. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँड,
२५. प्रदेशस्तरमा जलाधार संरक्षण सम्वन्धी नीति, प्रविधि, विकास, व्यवस्थापन,
२६. प्रदेशभित्र भू जलाधार संरक्षण,
२७. वातावरण संरक्षण तथा स्वच्छता सम्वन्धी प्रविधि विकास र व्यवस्थापन,


नि. प्रमुख सचिव

२८. वातावरण तथा जलवायू परिवर्तन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२९. वातावरणीय सूचना प्रणालीको स्थापना,

३०. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,

३१. वातावरणीय प्रयोगशालाको स्थापना, संचालन र व्यवस्थापन,

३२. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युत्तीय लगायत प्रदुषणको मापदण्ड, निर्धारण, कार्यान्वयन र नियमन,

३३. न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरितक्षेत्र प्रवर्द्धन,

३४. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, संवर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण,

३५. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

३६. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,

३७. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण व्यवस्थापन,

३८. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन,

३९. प्रदेशभित्र वृक्षारोपण तथा संभार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४०. प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी व्यवस्थापन,

४१. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

### ४.७.२ वित्तीय विवरण

(रु हजारमा)

| क्र.सं. | विवरण | वार्षिक विनियोजन | वार्षिक खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | पुंजीगत तर्फ | १६८०१७८.४१/- | १४०७९९४/- | ८३.८० |
| २ | चालू तर्फ | ११३३०१०/- | ९००३१०/- | ७९.४६ |
| जम्मा | | २८१३१८८.४१/- | २३०८३०४/- | ८२.०५ |



नि. प्रमुख सचिव

### ४.७.३ प्रमुख उपलब्धिहरू

वन तथा वातावरण संरक्षण तर्फ

- सामुदायिक वनको कार्ययोजना नविकरण ३४४ वटा, कवुलियती वनको कार्ययोजना नविकरण १२० वटा र साझेदारी र चक्ला वनमा दिगो वन व्यवस्थापनको कार्यान्वयन नविकरण भएको छ।
- डि.व.का. झापा, मोरङ र सुनसरीको क्षेत्रमा वन्यजन्तुको लागि जैविक मार्ग विकास तथा व्यवस्थापन गरिएको छ। विशेष गरी जंगली हात्तीको लागि जैविक मार्गको व्यवस्थापन तथा नियमित गस्ती परिचालन भएको छ।
- काष्ठजन्य तथा फलफुलको नर्सरी ९ वटा निर्माण भएको तथा ४९ वटा नर्सरी मर्मतको कार्य सम्पादन भएको छ।
- २४ लाख ८५ हजार एक वर्षे विरुवा, ७ लाख पचास हजार वहुवर्षीय विरुवा, १ लाख १२ हजार फलफुल तथा ५२ हजार जडिबुटीका विरूवाहरु उत्पाद भएको छ।
- वन क्षेत्र, निजी क्षेत्र, सार्वजनिक क्षेत्रमा १६० हेक्टर बृक्षारोपण सम्पन्न भएको छ।
- वन क्षेत्र, निजी क्षेत्र, सार्वजनिक क्षेत्रमा करिव १०५ हेक्टर जडिबुटी बृक्षारोपण कार्य सम्पन्न भएको छ।
- ३७ हजार वनजन्य फलफुलका विरुवा वन क्षेत्रमा रोपण भएको छ।

कृषिवन प्रवर्द्धन तर्फ

- प्रदेश भित्रका ६५ जना कृषि वन धनीलाई अनुदान प्रदान गरिएको छ। साथै ७ हे. क्षेत्रफलमा कृषकको निजी जग्गामा कृषिवन व्यवस्थापन प्रवर्द्धन गरिएको छ।
- ९ वटा सिमसार क्षेत्रको व्यवस्थापन कार्य सम्पन्न भएको छ।
- उद्यम स्थापना तर्फ ७ वटा भेनियर उद्योग स्थापना भएको छ। साथै ८ वटा समूहमा उद्यमशीलता (सःमिल, टपरी, नाङ्लो, डोको, फर्निचर, हातेकागज, जैविक मल उत्पादन तथा बाँसका अन्य सामाग्री उत्पादन) अभिबृद्धि भएको छ।
- भोजपुर, खोटाङ्ग, धनकुटा, पाँचथर लगायत ७ वटा स्थानमा उद्यान स्थापना भएको छ।
- ६ वटा सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्य गरिएको छ।



नि. प्रमुख सचिव

- वन डढेलो तथा नियन्त्रण व्यवस्थापन योजना कार्यान्वयन गरिएको छ।
- ९५ वटा सामुदायिक वनहरुमा सामुदायिक वन स्थलगत अभ्यास सञ्चालनमा ल्याइएको छ।
- ७५ वटा विद्यालयहरुमा वातावरण सचेतना कार्यक्रम सञ्चालन भएको छन्।
- २५ हेक्टर सामुदायिक वनक्षेत्रमा पतल्याउने (Thinning) कार्य गरिएको छ।
- १० कि. मि. अग्नीरेखा मर्मत तथा सरसफाई गरिएको छ।
- झापा, मोरङ्ग, उदयपुर र सुनसरी लगायतका स्थानमा काठको डिपो (घाटगद्दी) व्यवस्थापन गरिएको छ।
- ५ हेक्टर अतिक्रमित वनक्षेत्रमा नियन्त्रण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको छ।

भू तथा जलाधार संरक्षण तर्फ

- १४ स्थानमा आकस्मिक भू-संरक्षण कार्यक्रम, ५ स्थानमा भावर क्षेत्रमा रहेका पानी मुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन कार्यक्रम, ६ स्थानमा जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम, २ स्थान चुरे तथा नदी प्रणाली संरक्षण कार्यक्रम, ५० कि. मि. वायो इन्जि. खोला किनारा संरक्षण, ४१ स्थानमा एकीकृत भूस्खलन नियन्त्रण, १६ कि. मि. सडक संग भू-संरक्षण, ६ स्थान एकीकृत सुख्खा क्षेत्र व्यवस्थाप, ७ स्थानमा खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापन कार्यक्रम, ७ स्थान संवेदनशिल क्षेत्र भूसंरक्षण कार्यक्रम, ३३ स्थानमा सिमसार/पोखरी जलाधार व्यवस्थापन कार्यक्रम, ३ स्थानमा पोखरी निर्माण तथा व्यवस्थापन कार्यक्रम, ३ स्थानमा सिमसार संरक्षण तथा व्यवस्थापन कार्यक्रम, ४ स्थानमा सहरी जलाधार व्यवस्थापन कार्यक्रम लगायत कार्यक्रमहरु सम्पन्न भएका छन्।

पर्यटन विकास आयोजना तर्फ

- पर्यटन विकास आयोजना तर्फ बहुवर्षिय योजना संख्या ४ वटा, जम्मा योजना संख्या ४१८ वटा, सम्झौता भएका योजना संख्या ३८१ वटा रहेकोमा सम्पन्न भएका योजना संख्या ३७७ वटा रहेका छन्।

### ४.७.४ कार्यान्वयनमा देखिएका समस्याहरु

वन, वातावरण तथा जलाधार व्यवस्थापन तर्फ


नि. प्रमुख सचिव

- प्रदेश वन नियमावली तयारीमा ढिलाई हुनु।
- प्रादेशिक आवश्यक संगठन संरचना र कर्मचारी व्यवस्थापन तयार भइ नसकेको, दक्ष प्राविधिक कर्मचारीको अभाव रहेकोले सिल्भिकल्चरमा आधारित वन व्यवस्थापन कार्य गर्न कठिनाइ।
- वैज्ञानिक वन व्यवस्थापन लागू भएका सामुदायिक/साझेदारी वनको वन पैदावार संकलनमा समस्या रहनु।
- परिवर्तित सांगठनिक संरचना अनुसार फिल्ड स्तरका कार्यालयहरुमा भौतिक पूर्वाधार र अन्य श्रोत साधनहरुको अपर्याप्तता रहनु।
- सशस्त्र वन रक्षक र फरेष्टरको दरवन्दी व्यवस्थापन नभएको, स. व. र. को दरबन्दी संघमा राखी प्रदेशले खटाउने कार्य हुनु। पुरानो संरचना भन्दा दरबन्दी निकै काटिएकोले वन संरक्षणमा कठिनाइ हुनु।
- भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूमा कम संख्यामा कर्मचारी रहेको र थोरै जनशक्तिबाट धेरै जिल्लामा कार्य संचालन तथा भौगोलिक विकटता, कार्यालय तथा अनुगमनमा बजेट अभाव भएका कारण समस्या हुनु।

पर्यटन विकास आयोजना तर्फ

- साना-साना योजनाहरुको संख्या धेरै हुनु।
- उपभोक्ता समितिले जनश्रमदान गर्न नखोज्नु।
- पर्याप्त जनशक्ति नहुनु।
- योजनाहरुको नियमित रुपमा सुपरीवेक्षण गर्न सवारी साधनको कमी हुनु।
- मुर्ति तथा कला कृतिसंग सम्बन्धित बस्तुहरुको जिल्ला दररेट नहुंदा काम गर्न समस्या हुनु।
- आर्थिक बर्ष समाप्त भए पछी प्राबिधिक जनशक्ति नहुँदा बहुबर्षीय योजनाहरुको निरीक्षण कार्य गर्न कठिनाइ हुनु।

## ४.८ भौतिक पूर्वाधार विकास मन्त्रालय

नेपालको संविधानले परिकल्पना गरे अनुसारको संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी भएको व्यवस्था बमोजिम मिति २०७४/११/०३ मा विभिन्न ७ वटा मन्त्रालयसहित प्रदेश मन्त्रिपरिषद्को गठन भएकोमा मिति २०७८/१०/२३ मा साविकको भौतिक पूर्वाधार विकास मन्त्रालय विभाजन भई सडक पूर्वाधार तथा सहरी विकास



नि. प्रमुख सचिव

मन्त्रालयको स्थापना भएकोमा हाल प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार यस मन्त्रालयको पुनः भौतिक पूर्वाधार विकास मन्त्रालय नामकरण गरिएको छ। यस मन्त्रालय अन्तर्गत सडक, पुल, भवन तथा सहरी विकास लगायतका आधारभूत भौतिक पूर्वाधारहरुको निर्माण तथा विकास जस्ता कार्यक्षेत्रहरु पर्दछन्।

### ४.८.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेश भित्रको ग्रामिण तथा शहरी विकास योजन तर्जुमा, ग्रामीण तथा शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार,
२. ग्रामीण तथा शहरी आवास/भवन सम्वन्धी योजनाहरुको कार्यान्वयन र नियमन,
३. प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
४. प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,
५. प्रदेशस्तरमा भवन संहिताको कार्यान्वयन र नियमन,
६. प्रदेशको राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,
७. भौगर्भिक अध्ययन, सुरक्षित बसोबास, बस्ति एकीकरण र स्थानान्तरण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
८. रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, अयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
९. प्रदेश लोकमार्ग सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्वन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,
१०. सडक, पुल, झोलुङ्गे पुल लगायत अन्य भौतिक पूर्वाधार व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन,
११. फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,
१२. आदिबासी, सीमान्तकृत, गरिब, लोपोन्मुख, जेष्ठ नागरिक लक्षित आवास सम्वन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन।


नि. प्रमुख सचिव

## ४.८.२ वित्तीय विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रकम रु. हजारमा | |
| सि. नं. | कार्यक्रम | आ.व. २०७९/८० को | | बार्षिक प्रगति (प्रतिशत) | |
| | | बार्षिक बजेट | बार्षिक खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
| (क) | पुँजिगत तर्फ | | | | ८४.८८% |
| १ | संघ सशर्त अनुदान | १८४१९०० | १४२७०७० | ७७.४८% | |
| २ | संघ समपुरक/विशेष अनुदान | १०८३२५१ | ६२९०१६ | ५८.०७% | |
| ३ | प्रदेश सरकार | ९९२०४०७ | ८५५३५९० | ८६.२२% | |
| | पुँजिगत जम्मा | १२८४५५५८ | १०६०९६७६ | ८२.५९% | |
| (ख) | चालु तर्फ | | | | |
| १ | प्रदेश सरकार | ३४३५६४ | २३४२७० | ६८.१९% | |
| | कुल जम्मा (चालु + पुँजिगत) | १३१८९१२२ | १०८४३९४६ | ८२.२२% | |
| | | | समष्टिगत वितिय प्रगति | ८२.२२% | |

## ४.८.३ प्रमुख उपलब्धिहरू:

| क्र.स. | योजनाको नाम | जिल्ला | सम्झौता रकम रु.(हजारमा) | हालसम्मको कुल खर्च रू.(हजारमा) | हालसम्मको वितिय प्रगति % | शुरुदेखि हालसम्मको भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | घिनाघाट (पुष्पलाल चोक) देखी बिराट्चोक सम्म | मोरङ्ग | ११३६०२४ | ९६७९०७ | ८५.२०% | ८०% |
| २ | बबियाबिर्ता रंजनी कजिमान्चोक फर्सदंगी हुदै दोभानाघट गन्धि आश्रम दोबरिया थान | मोरङ्ग | ५६११०३ | २४७५१०० | ४४.११% | ३४% |



नि. प्रमुख सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हुदै सुन्बरसी सडक निर्माण | | | | | |
| ३ | पथरी जाते ज्यामिरे सडक | मोरङ्ग | ५४४८४५ | ३४६४६० | ६३.५८% | ७०% |
| ४ | किसान चोक टाडी आइतबारे रवि सडक | मोरङ्ग | ९४८६६६ | ६६८४४६ | ७०.२९% | ७५% |
| ५ | शिवचोक देखी भारतीय सिमा बिरपुर सम्म सडक निर्माण कोशी गापा ४ | सुनसरी | २३७९८३ | २२२३५६ | ९३.४३% | १००% (सम्पन्न) |
| ६ | अमरपथ सडक, कन्काई न.पा. सुरूङ्गा देखि बोर्डर सम्म | झापा | १०४१९३८ | ७७८२०२ | ७४.६८% | ८०% |
| ७ | फिदिम फालोट सडक | पाँचथर | ६०२७५२ | ६३६८८६ | १०५.६६% | १००% (सम्पन्न) |
| ८ | सरखण्डे यासोक सडक | पाँचथर | ६०९२३४ | ३६८३४० | ६०.४५% | ६५% |
| ९ | भोजपुर टक्सार मानेभञ्याङ्ग रानीटार सडक | भोजपुर | ५५६८८५ | २११३२४ | ३७.९४% | ४५% |



नि. प्रमुख सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ध.न.पा. बिहिबारे हटिया कर्मीटार बन्चरे शुक्रबारे तेह्रथुम सडक | धनकुटा | ६०३६४२ | ४७५५८४ | ७८.७८% | ८०% |
| ११ | हिले छिन्ताङ्ग सडक | धनकुटा | ३०७७४० | १९९४३७ | ६४.८०% | ७०% |
| १२ | षडानन्द १२ तुर्केपुल झयाउपोखरी फालिदोबाटो सडक | भोजपुर | ५१६२०१ | २१०५१० | ४०.७८% | ४५% |
| १३ | सिधुवा शुक्रबारे ओख् सडक | तेह्रथुम | ८२०१७५ | ८७४३९७ | १०६.६१% | १००% (सम्पन्न) |
| १४ | सेर्मा जलजले भण्डारीडाडा इसिबु सकानीति अटराई मेदाप सडक | तेह्रथुम | ९३७१७२ | ६५४६५४ | ६९.८५% | ७५% |
| १५ | गुफापोखरी चैनपुर बाह्रबिसे सडक | संखुवासभा | ६९९६९२ | ३८५७३७ | ५५.१२% | ७०% |
| १६ | देउरि श्रीपुर दमौती बुर्जाकान्ला लालपत्ता पात्ले घनचक्रे सडक | उदयपुर | १८७५०८ | ५९८९० | ३१.९३% | ५०% |
| १७ | कोशी रिफ्रेशमेन्ट सेन्टर परियोजना पूर्वाधार निर्माण | सुनसरी | ३३६०६१ | ११९३८० | ३५.५२% | ४०% |



नि. प्रमुख सचिव

## ४.८.४ कार्यान्वयनमा देखिएका समस्याहरु

### आयोजना कार्यक्रम सञ्चालन गर्दा आईपरेका मुख्य मुख्य समस्याहरु

- संघीय सरकारले सडक पुर्वाधार तथा एकीकृत वस्ति विकास कार्यक्रमहरुको सशर्त अनुदान रकमहरु फिर्ता लिएकाले सम्झौता भई निर्माण प्रकृयामा रहेका कार्यक्रमहरुमा समस्या हुनु।
- कोशी प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि जग्गा प्राप्त हुन नसकेकाले भवन निर्माण कार्यको अध्ययन अगाडि बढाउन नसकिनु।
- कन्टिन्जेन्सी खर्चको कार्यबिधि नभएकाले खर्चमा एकरुपता ल्याउन नसकिनु।
- वजेट विनियोजन गर्दा सम्बन्धित कार्यक्षेत्र भएका मन्त्रालय मार्फत हुनुपर्नेमा त्यस्तो नहुनु।
- साना आयोजनाहरुको संख्या अधिक र कर्मचारी न्यून भएकाले कार्य गराउन कठिनाई भई ठुला योजनमा समेत प्रयाप्त समय दिन नसक्नु।
- बहुबर्षिय आयोजनाहरुलाई वजेट विनियोजन न्यून भएकाले कार्य गराउन कठिनाई हुनु।
- नया संरचना, कोभिड-१९ तथा निर्माण सामाग्रीको मुल्यबृद्धिले कार्यमा अपेक्षित प्रगती हुन नसक्नु।
- सम्झौता भई निर्माण कार्य शुरु भएका योजनाहरुको निर्माण व्यवसायीबाट समयमा काम सम्पादन हुन नसक्नु।
- पुर्व तयारी (जग्गा प्राप्ती, वतावरणिय अध्ययन, पुर्व सम्भाब्यता अध्ययन) बिना नै आयोजनामा वजेट विनियोजन हुनु।
- बिद्यमान नियमावली र निर्देशिकाहरुमा समसामयिक संशोधन हुन नसक्नु। (प्रदेश सार्वजनिक खरिद नियमावली, वातावरण संरक्षण ऐन/नियमावली, मुख्यमन्त्री ग्रामिण सडक निर्देशिका- मुख्यमन्त्री निर्देशिका अनुसार काम गर्न कठिनाई भएको)
- प्रदेश मन्त्रालय र कार्यालयहरुको संगठन संरचनाहरुमा समसामयिक सुधार हुन नसक्नु।
- मन्त्रालय र कार्यालयका भवनहरु निर्माण हुन नसक्नु
- प्राबिधिक जनशक्तिको परिपूर्ति नहुनु /निर्णय हुन नसक्नु।
- केन्द्रबाट हस्तान्तरित भएर आएका आयोजनाहरुको आर्थिक स्रोत अभावका कारण सम्पन्न गर्न समस्या हुनु।



नि. प्रमुख सचिव

- ओखलढुंगा, संखुवासभा, पाँचथर र मोरंगमा साविकमा जिल्ला प्राविधिक कार्यालय मार्फत निर्माण गरिएका र प्रयोगमा रहेका भवन तथा प्रयोगशाला समेत हाल पूर्वाधार विकास कार्यालयलाई प्रयोग गर्न नदिइनु एवम् विवाद हुनु।
- निर्माण सामग्री उपलब्धतामा कठिनाई हुनु।
- IEE/EIA स्वीकृतिमा ढिलाई हुनु।
- भोजपुर, उदयपुर, पाँचथर र ओखलढुङ्गा जिल्लामा सञ्चालन हुने आयोजनाहरु आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बहुबर्षिय योजनाहरुको श्रोत सुनिश्चितता भई पछि रद्द गरिएकोले खरिद प्रक्रियमा जटिल समस्या हुनु।

प्रशासनिक समस्याहरु

- जनशक्तिको अपर्याप्तता:- कर्मचारीको अभावमा योजना तथा अनुगमन शाखा प्रभावकारी रुपमा कार्य गर्न सक्षम नहुनु।
- संस्थागत स्मरणको कमजोर अवस्था:- साविकको एक मन्त्रालय तीन वटा मन्त्रालयमा विभाजन पश्चात्त कागजपत्रहरुको कमजोर व्यवस्थापनका कारण खोजेको वखत कतिपय अभिलेखहरु सजिलै प्राप्त गर्न नसकिनु।
- तालिमको न्युनता:- यस मन्त्रालय अन्तर्गतका कर्मचारीहरुमा कार्यसँग सम्बन्धित कतिपय ज्ञान,सीपको कमी हुनाले कार्यमा प्रभावकारिता नहुनु।
- केही दरबन्दी संरचना नमिल्दो रहेको:- एकै महाशाखामा दुई जना उप-सचिवस्तरको कर्मचारीको दरबन्दी रहनु, दरबन्दी संरचनामा यातायात पूर्वाधार निर्देशनालय नसमेटिनु, मन्त्रालयमा महाशाखाको संख्या बमोजिम हलुका सवारी चालकको दरबन्दी नरहनु, अरबौंको बजेट सञ्चालन गर्ने पूर्वाधार कार्यालयमा लेखा शाखामा लेखापालको मात्रै दरबन्दी रहनु इत्यादी।

## ४.९ खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय

नेपालको संविधानले परिकल्पना गरे अनुसारको संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा, विद्युत, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापनसम्वन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत



नि. प्रमुख सचिव

संभार, समन्वय र नियमन गर्ने उद्देश्यले प्रदेश सरकारको मिति २०७८/१०/२३ को निर्णयानुसार खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको स्थापना भएको छ।

### ४.९.१ मन्त्रालयको कार्यक्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार खानेपानी, सिचाई तथा उर्जा मन्त्रालयको कार्यविवरण यस प्रकार रहेको छः-

१. प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्वन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,

२. प्रदेशस्तरमा खानेपानी, सिंचाई तथा उर्जा सम्वन्धी सेवाको गुणास्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

३. खानेपानी, सिंचाई तथा उर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्वन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

४. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्वन्धी आयेजनाको, पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,

५. प्रदेशको जलश्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्वन्धी योजना तर्जुमा, कार्यान्वियन र अनुगमन तथा मुल्याङ्कन,

६. प्रदेशको जलश्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वियन, अनुगमन र सञ्चालनमा समन्वय,

७. प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

८. जल गुणस्तर सम्वन्धी प्रयोगशाला व्यवस्थापन,

९. खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

१०. स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्वन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

११. सबैलाई स्वच्छ खानेपानीको उपलव्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,

१२. ढल निकास तथा सरसफाई व्यवस्थापन।



नि. प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

### ४.९.२ वित्तीय विवरण

| विवरण | बजेट (रु) | खर्च (रु) | प्रगति (%) |
|---|---|---|---|
| चालु | ३७७७१३७७२ | ३६०७१६१५३ | ९५.५० |
| पुजीगत | ५६२२०३३००० | ५१८४५२५५५५ | ९२.२२ |
| **जम्मा** | ५९९९७४६७७२ | ५५४५२४१७०८ | ९२.४२ |

| विवरण | प्रगति (%) |
|---|---|
| खानेपानी तर्फ | ९८.०९ |
| सिचाई तर्फ | ८७.०९ |

### ४.९.३ प्रमुख उपलब्धिहरू:

वार्षिक प्रतिफल सूचक (उपलब्धि)

| विवरण | ईकाइ | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| पाइप उपलब्धी | कि.मी. | · | २२१३.१ | ९९.७ |
| इन्टेक/सम्पवेल/बोरिङ निर्माण | गोटा | ५३८.० | ५१७.० | ९६.१ |
| ट्रांसमिसन पाइप लाइन जडान | कि.मी. | ४९२.९ | ५००.४ | १०१.५ |
| वितरण पाइप लाइन जडान | कि.मी. | १५३४.१ | १४०४.७ | ९१.६ |
| पानीपोखरी/ओभरहेड टंकी निर्माण | गोटा | ४८६.० | ४६५.० | ९५.७ |
| धारा जडान निजी | गोटा | २२१२७.० | २१५९०.० | ९७.६ |
| पम्पहाउस निर्माण | गोटा | | | |
| गार्ड हाउस निर्माण | गोटा | ६.० | ३.० | ५०.० |
| समिति कार्यालय भवन निर्माण | गोटा | १२.० | ११.० | ९१.७ |
| आयोजना हस्तान्तरण | गोटा | २३.० | १८.० | ७८.३ |



नि. प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| क्रमागत आयोजनाको स्किम हस्तान्तरण | गोटा | १०९.० | ९४.० | ८६.२ |

## सिचाई तर्फ प्रदेश सरकार स्थापना पश्चातको उपलब्धी

विभिन्न योजना अवधिमा विकास गरिएको सिंचित क्षेत्रफल (हेक्टरमा)

| योजना अवधि | | प्रदेशको कूल कृषि योग्य भूमि | सरकारी निकायहरुको प्रयासबाट | | | | | सिंचाइ सुविधा पुर्याउन बांकी भुमी | आवधिक योजना ०७६/७७-२०८०/८१ को लक्ष्य हेक्टर (९) | हाल सम्मको प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सतह सिंचाइ | | | भुमिगत जल सिंचाइ | कूल जम्मा | | | | |
| | | | नयाँ सिंचाइ | कृषक कुलो सुधार | जम्मा | | | | | | |
| १ | | २ | ३ | ४ | ५(३+४) | ६ | ७(५+६) | ८(अघिल्लो आ. व. को ८- पछिल्लो आ. व. को ७ घटाउने) | | १०(७/९) % | (स्रोत-प्रथम आवधिक योजना ०७६/७७-२०८०/८१ पाना १६८ ,प्रदेश योजना आयोग प्रदेश नं.१ ) |
| आधार वर्ष | ०७५/०७६ | ७८३५९५ | २५५१८० | | २५५१८० | ४७२७८ | ३०२४५८ | ४८११३७ | | | |
| आ. व. | ०७६/०७७ | | ३२६७ | १५८५९ | १९१२६ | ५५० | १९६७६ | ४६१४६१ | ४३००० | | ४३हजार हेक्टर लक्ष्य |
| आ. व. | ०७७/०७८ | (संघ+प्रदेश) सरकार | ७७६ | ७२७० | १०५५७ | ३२७ | १०८८४ | ४५०५७७ | | | आवधिक योजनाको लक्षयको तुलनामा उपलब्धी प्रतिशत |
| | | SIP कार्यक्रम बाट | | २५११ | | | | | | | |
| आ. व. | ०७८/०७९ | | १६७६ | ११३७७ | १३०५३ | ४६० | १३५१३ | ४३७०६४ | | | |
| आ. व. | ०७९/०८० | | ११६१ | ८४७५ | ९६३६ | ८४६ | १०४८२ | ४२६५८२ | | | |
| प्रदेश सरकार स्थापना पश्चात | | | ६८८० | ४५४९२ | ५२३७२ | २१८३ | ५४५५५ | | | | |
| हाल सम्म जम्मा (हेक्टर) | | | ६८८० | ४५४९२ | ३०७५५२ | ४९४६१ | ३५७०१३ | १२४१२४ | | | |
| प्रदेशको तराइ स्थित जिल्लाहरुको सिंचित अवस्था | | (स्रोत-प्रथम आवधिक योजना ०७६/७७-२०८०/८१ ,प्रदेश योजना आयोग कोशी प्रदेश ) | | | | | | | | | |



नि. प्रमुख सचिव

नदि नियन्त्रण तर्फ प्रदेश सरकार स्थापना पश्चातको उपलब्धी

## निर्मित तटबन्ध

| योजना अवधि/आर्थिक वर्ष | सरकारी निकायहरुको प्रयासबाट निर्मित तटबन्ध कि.मि | | आवधिक योजना ०७६/७७-२०८०/८१ को लक्ष्य कि.मि | हाल सम्मको प्रगती कि.मि | हाल सम्मको कुल प्रगती कि.मि | आवधिक योजनामा हाल सम्मको प्रगती | अनुमानित लाभान्वित संख्या/अनुमानित जग्गा उकास हेक्टर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | | ३ | ४ | ५ | ६(५/३) % | ७ | ८ |
| आधार वर्ष आ. व. | ०७५।०७६ | १६८ | १३२ | | | | | D:\०७९०८०\सिचाइ\Irrigation Status\Irrigatio Status up to ०७९०८०.xlsx |
| आ. व. | ०७६।०७७ | | | ३८।०० | ३८।०० | २८.७९ | ६५७९/४०५ | |
| आ. व. | ०७७।०७८ | | | १२.७९ | ५०।७९ | ३८.४८ | ६१६५।३७ | |
| आ. व. | ०७८/०७९ | | | २१.७४ | ७२।५३ | ५४.९५ | ३७८३८।८१७ | |
| आ. व. | ०७९।०८० | | | २६.२७ | ९८।७९ | ७४.८४ | २२४२७/३२६ | |
| हाल सम्म भएको तटवन्ध कि.मि (निर्मित संरचाना वाट सुरक्षा प्रदान गरेको लम्वाइ) | | | | | ९८।७९ | | ७३००९/१५८४ | - |

उर्जा तर्फको कार्य

- **विपन्न वर्ग लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रम** अन्तर्गत स्थानिय तहको सिफारिसमा विद्युतिकरण नपुगेको दश स्थानिय तहको विभिन्न ८०० घर धुरीमा (५० Watt) क्षमताको सौर्य विद्युत जडान कार्य सम्पन्न भएको छ।
- **विद्युतिय चार्जिङ्ग स्टेशन निर्माण कार्यक्रम** अन्तर्गत (CS२-६०KW) क्षमताको प्रदेशको तीन स्थान विराटनगर, इटहरी र सुरुङ्गा वजारमा चार्जिङ स्टेशन निर्माण कार्य भैरहेको छ।



नि. प्रमुख सचिव

- मन्त्रालय/कार्यलयमा सुधारिएको विद्युतीय चुलो वितरण कार्यक्रम अन्तर्गत विद्युतीय चुलो मन्त्रालयवाट मा.मन्त्रिस्तरिय निर्णय अनुसार वितरण गरिएको छ।

### ४.९.४ कार्यान्वयनमा देखिएका समस्याहरु

- दरवन्दी अनुसारको रिक्त प्राविधिक कर्मचारीहरुको पदपुर्ती हुन नसक्नु।
- बहुबर्शीय स्रोत सुनिश्चितता नभएको र भए पनि बहुबर्शीय स्रोतको आवश्यकता बमोजिम वार्षिक वजेट बिनियोजन नभएकोले तोकिएको समयमा आयोजना सम्पन्न गर्न कठिनाई भएको,
- संघीय सशर्त तर्फका आयोजनाहरुको निरन्तरतामा हुने/नहुने द्विविधा, स्रोत सुनिश्चितता तथा बहुवर्षिय योजना स्वीकृतिको प्रकृयामा समस्या, आवश्यक नभएको आयोजनामा बिनियोजन भएको र रकम समर्पण पनि नहुनु।
- खानेपानी, सिचाई र उर्जाको वजेट न्यून भएकोले समयमा आयोजना सम्पन्न हुन नसकेको र संघीय सरकार, प्रदेश सरकार र दिगो विकासले तोकेको लक्ष्य हासिल गर्न नसकिनु।
- साविक पूर्वाञ्चल क्षेत्रीय सिचांईको भवनमा हाल दुई वटा मन्त्रालय रहको हुदाँ मन्त्रालयमा पदाधिकारीहरु र कर्मचारीहरुको कार्यकक्ष व्यवस्थापन गर्न कठिनाई हुनु।

## ४.१० कोशी प्रदेश सभा सचिवालय

नेपालको संविधान, २०७२ जारि भए पश्चात पहिलोपटक तत्कालिन प्रदेश नं. १ हाल कोशी प्रदेशको प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न भई संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको हो। प्रदेश सभाको काम कारवहीलाई व्यवस्थित ढङ्ले संचालन गर्नको लागि मिति २०७४ माघ १७ गते साबिक जिल्ला विकास समितिको कार्यालय, विराटनगरको भवनमा प्रदेश सभा सचिवालय स्थापना भएको हो। प्रदेश सभाको पहिलो कार्यकालमा मिति २०७४ माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बसि कार्य प्रारम्भ भएकोमा सो कार्यकालमा जम्मा दशवटा अधिवेशन सम्पन्न भएको थियो भने हाल दोस्रो कार्यकालको अवस्थमा रहेको छ।

### ४.१०.१ वित्तीय विवरण

| क.सं. | विवरण | वार्षिक विनियोजन | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|---|
| (क) | पुँजिगत तर्फ | | | |
| | प्रदेश स्रोत | २५१९५७९८ | ७९०३८७२ | ३१.३६% |
| | संघ सशर्त स्रोत | | | |



नि. प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | समपुरक स्रोत | | | |
| | पुँजिगत तर्फको जम्मा | | | |
| (ख) | चालु तर्फ | | | |
| | प्रदेश स्रोत | २२३६७९२०२ | १६१९८२५७४ | ७२.४१% |
| | चालु तर्फको जम्मा | | | |
| कुल जम्मा | | २४८८७५००० | १६९८८६४४६ | ६८% |

### ४.१०.२ मुख्य मुख्य उपलब्धिहरु

- कोशी प्रदेश सभा सचिवालयको परिसरभित्रै निर्माण सम्पन्न आधुनिक प्रविधिमैत्री प्रदेश सभा हलमा दर्शक तथा अथिति दीर्घ र संचारकर्मी दीर्घको व्यवस्था भएका कारणले संसदीय गतिविधिको प्रत्यक्ष अवलोकन हुने हुँदा नागरिकले संसदीय कार्यको सही सूचना प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।
- कर्मचारीहरु, सुरक्षाकर्मीहरु र प्रदेश सभाका माननीय सदस्यहरुको लागि समेत क्षमता विकास सम्बन्धी विभिन्न तालिम, अन्तर प्रदेश अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- कानून निर्माण र कार्यान्वयन सम्बन्धी स्थानीय तहसँगको अन्तरक्रिया कार्यक्रम १४ नगरपालीका र १८ गाउँपालिकामा गरी जम्मा ३२ वटा कार्यक्रम सम्पन्न गरिएको ।
- कोशी प्रदेश सभा सचिवालय र कोशी प्रदेशका सबै जिल्ला समन्वय समितिबीच अन्तर्क्रिया, तथा छलफललाई व्यापक बनाई विधि निर्माण प्रक्रियालाई अझ सशक्त बनाउने उद्देश्यले संसद सहयोग परियोजना (UNDP) को सहयोग मा १४ वटै जिल्ला समन्वय समितिमा भिडियो कन्फरेन्स System जडान गरिएको छ।
- सूचनाको हक सम्बन्धी ऐन बमोजिम त्रैमासिक प्रकाशन नियमित गरी सरोकारवाला निकायमा पठाउने गरेको छ।
- सभामा माननीय सदस्यहरुले बोल्नु भएका विषयहरु समेटिएको Verbatim तयार गर्ने व्यवस्था गरिएको छ।
- प्रदेश सभा र सचिवालयको ५ बर्षको गतिविधि समेटिएको प्रदेश सभाको पहिलो पाँच बर्ष नामक पुस्तक प्रकाशन गरिएको छ।
- सभाहल र सचिवालयको कम्पाउण्डमा कृषि विकास बैंकको एटिएम सञ्चालनमा आएको छ।



नि. प्रमुख सचिव

मुख्यमन्त्री प्रदेश सरकार तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

- लाइट स्ट्रक्चर प्रदेश सभा हल निर्माण गरिएको छ।
- माननीय सदस्यहरुको व्यक्तिगत विवरणलाई क्यूआरकोड मार्फत उपलब्ध हुने गरी सचिवालयको वेवसाइटमा व्यवस्था गरिनुको साथै सोही अनुसारको परिचय पत्र उपलब्ध गराईएको छ।
- कोशी प्रदेश सभा हलको नयाँ भवन भएको Sound सिस्टमको Upgrade ले सभाका गितिविधिहरु दर्शक तथा अथिति र संचारकर्मी समेतले सजिलै बुझ्न सक्ने हुँदा नागरिकलाई सही सूचना संप्रेषण हुने गरेको छ।
- विद्युत क्षमता विस्तारको लागि ३०० KVA Transformer जडान, TOD Meter र Metering Unit जडान गर्ने कार्य सम्पन्न भएकोले विद्युत आपूर्ति नियमित भई YouTube बाट प्रत्यक्ष प्रशासरण गर्न र Digital सूचनाहरु नियमित प्रवाह हुँदा नागरिकले संसदीय गतिविधि बुझ्न सहज भएको छ।
- ऐन/नियम बमोजिम सूचनाको हक सम्बन्धी प्रकाशनको नियमित प्रकाशन हुने हुँदा सुशासन कायम गर्न मद्दत पुगेको छ।
- प्रदेश सभा/सचिवालयको गतिविधि समेटिएको स्मारिका, डायरी आदिको प्रकाशनले जनप्रतिनिधिहरु, सरकारमा प्रतिनिधित्व गर्ने व्यक्तिहरु र विभिन्न सरकारी कार्यालयको जानकारी साथै सम्पर्क नं. समेत प्राप्त हुने हुँदा आम नागरिकको सरोकारवाला व्यक्तिसँग प्रत्यक्ष सम्पर्कले गर्दा संघीयता कार्यन्वयनमा सहयोग पुग्न सक्ने छ।
- प्रदेश सभामा माननीय सदस्यहरूले वोल्नु राखु भएको विचारलाई कम्प्युटर टाइप (Verbatim) गरी पुस्तक प्रकाशन गरी प्रदेश सभा सचिवालयको पुस्तकालयमा राख्ने गरिएको हुँदा राम्रा पक्षलाई प्रवर्धन गर्न र कमिकमजोरीलाई हटाउन व्यक्तिगत रुपमा प्रदेश सभा सदस्य र संस्थागत रुपमा सचिवालयलाई सहयोग पुगेको छ।
- UNDP को सहयोगमा जडान भएको Video Conference सम्बन्धी प्रविधिले प्रदेश सभाले बनाउने कानून र संसदीय समितिले गर्ने संसदीय निगरानी समेतमा प्रदेशका सबै स्थानीय तह र १४ वटै जिल्ला समन्वय समिति सम्बन्धित नागरिक समाज, सरोकारवालहरु, विज्ञ समेतले राय सल्लाह सुझाव आदन प्रदान गरी कानूनलाई सर्वसंवत पारित गर्न मद्दत पुग्ने तथा प्रदेश सरकार, स्थानीयतहले गरेका विकास निर्माण समेतका काममा संसदीय निगरानी पुऱ्याई गुणस्तर तथा सुशासन कायम गर्न व्यवस्था सहजता भएको छ।



नि. प्रमुख सचिव

- कोशी प्रदेश सभा बैठकको प्रत्यक्ष प्रशारण गरिने व्यवस्थाका कारण प्रदेश सभामा प्रतिनिनिधित्व गर्नुहुने माननीय सदस्यले बैठकमा राख्नु भएको बिचार र बैठकका गतिविधिहरु नागरिकले प्रत्यक्ष रुपमा सुन्न र हेर्न गर्न सक्ने छ।
- कोशी प्रदेश सभाबाट पारित सबै ऐनहरु, सूचनाहरु तथा गतिविधिहरु Website र समाजिक संजालमा राख्ने व्यवस्था गरिएको हुँदा प्रदेश सभा तथा सचिवालयका गतिविधिहरु आम नागरिकले सजिलै प्राप्त गर्न सक्ने छ।

## कोशी प्रदेश सभा सचिवालयले नागरिकको पहुँच र पारदर्शिताका लागि गरेका केही कार्यहरु

- नागरिकहरुले कोशी प्रदेश सभाको गतिविधि सम्बन्धी सूचना सडकबाट नै देखिने गरी डिजिटल डिस्प्ले बोर्ड राखिएको छ, सूचनामूलक वेवसाइट निर्माण गरिएको छ साथै सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी र प्रवक्ताको व्यवस्था गरी सबै प्रकारका गुनासा उजुरीहरु सम्वोधन गरिएको छ। र Group SMS मार्फत सूचना सम्प्रेषण गर्ने व्यवस्था भएको छ।
- Facebook, Twitter र YouTube च्यानल मार्फत प्रदेश सभाका गतिविधिहरु सम्प्रेषण गर्ने व्यवस्था गरिएको छ।
- Media Centre कक्षको व्यवस्था गरिएको छ भने महिला माननीय सदस्यहरुका लागि Breast Feeding कक्षको व्यवस्था गरिएको छ।

## ४.१०.३ समस्याहरु

- समितिहरुका लागि बैठक कक्षको अभाव हुनु।
- प्रदेश सेवाकै कर्मचारी नहुनाले खटी आउने कर्मचारीको सरुवाका कारणले गर्दा विज्ञता/दक्षतालाई विकास गर्न समस्या हुनु।
- भएका कर्मचारीहरुको मनोबल बढाउने खालको इन्सेन्टिभ तथा अन्य अतिरिक्त भत्ता सेवासुविधा उपलब्ध गराउन नसकिनु।
- सभा संचालन जस्तो संवेदनशील विषयमा सम्बन्धित कर्मचारीहरुलाई बिशिष्ट प्रकारका तालिमहरु दिलाउन नसकिनु।
- विषयगत समितिको बैठकलाई रेकर्डिङ गरी अभिलेखीकरण गर्ने व्यवस्था गर्न नसकिनु।
- भौतिक संरचनाको अभाव हुनु।



नि. प्रमुख सचिव

- मौजुदा (साविक मोरङ जिल्ला विकास समितिको भवन) सचिवालय भवन जीर्ण अवस्था रहनु।

## ४.११ प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा रहेको प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशितालाई समेत मध्यनजर गर्दै योग्यता प्रणालीलाई अवलम्वन गर्ने उद्देश्यका साथ प्रदेश लोक सेवा आयोगको गठन भएको हो। मिति २०७६ भाद्र १७ मा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लागू भई ऐनको दफा ३ बमोजिमको समितिको सिफारिसमा माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७६ माघ ९ मा आयोगका माननीय अध्यक्ष र सदस्यको नियुक्ति भए सँगै यस प्रदेशमा प्रदेश लोक सेवा आयोगको औपचारिक गठन भएको हो।

### ४.११.१ वित्तीय विवरण

| सि.नं. | ब.उ.शि.नं. | वार्षिक वजेट | खर्च | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | २१००००११३ | ८०२०६ | ७०६३७ | ८८.०७% | चालू खर्च |
| २. | २१००००O१३ | ३९९४ | ३७४८ | ९३.८४% | पदाधिकारी खर्च |
| ३. | २१००००११४ | ७९०० | २७१२ | ३४.३३ | पूँजिगत खर्च |
| | जम्मा | ९२१०० | ७७०९७ | ८३.३७% | |

### ४.११.२ मुख्य मुख्य कार्यहरु

- स्थानीय सरकारी सेवाका विभिन्न ३८ वटा पदहरुको लिखित परीक्षा संचालन गरिएको छ। उक्त सेवाका विभिन्न २० वटा पदहरुको लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको छ।
- आयोगले स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका सहायकस्तर चौथो, पाचौं र अधिकृतस्तरका छैटौं तहका विभिन्न पदहरुमा कूल ४०९ जना कर्मचारी नियुक्तिका लागि



नि. प्रमुख सचिव

सिफारिस गरिएको तथा अन्य पदहरुको लिखित परीक्षाको नतिजा प्रकाशनको तयारी भई रहेको छ।

- प्रदेश निजामती सेवाका विभिन्न पदहरुको लागि बढुवा र खुला गरी जम्मा २६८ वटा दरवन्दीमा पदपूर्तिको लागि विज्ञापन प्रकाशन गरी सकिएको छ।
- केही स्थानीय तहहरुले आयोगको परार्मश विना सूचना प्रकाशन गरी तह/स्तर वृद्धि सम्बन्धी सम्पुर्ण कार्य प्रचलित कानूनको मर्म र भावना विपरित भएको ठहर गरी सो सँग सम्बन्धित निर्णहरु बदर गरिएको छ।
- आयोगले पदपूर्ति गर्ने प्रदेश तथा स्थानीय सरकारी सेवाका विभिन्न पदहरुको ७६ वटा पाठ्यक्रम निर्माण गरेको छ।
- प्रदेश तथा स्थानीय तहहरुलाई आवश्यक प्रदेश तथा स्थानीय सरकारी सेवा सम्बन्धी विभिन्न कानूनहरुको निर्माण तथा कर्मचारीका सेवाका शर्त सम्बन्धी विषयमा परामर्श उपलब्ध गराइएको छ।
- आयोग स्थापनाको तेश्रो वार्षिकोत्सवका अवसरमा प्रदेश लोक सेवा आयोग स्मारिका प्रकाशन गरी सरोकारवालाहरु माझ आफ्ना गतिविधिहरु वारे जानकारी गराइएको छ।
- OMR प्रविधिबाट उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाएको छ।
- प्रदेश लोक सेवा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।
- प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना तयार पारिएको छ।
- प्रदेश निजामती सेवा अध्यादेश, २०७९ र स्थानीय सरकारी सेवा सम्बन्धी अध्यादेशमा प्रदेश सरकारलाई राय परामर्श उपलब्ध गराइएको छ।
- आ. व. ०७८/७९ को प्रदेश लोक सेवा आयोगको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरिएको तथा प्रदेश सरकार मार्फत प्रदेश सभामा पठाइएको छ।

## ४.१२ प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (कार्य सञ्चालन तथा गठन) आदेश, २०७५ अनुसार प्रदेश योजना आयोगको गठन भएको हो। प्रदेश योजना आयोग मुख्यमन्त्री तथा मन्त्रिपरिषद् अन्तर्गत रहेको प्रदेशको विकास



नि. प्रमुख सचिव

योजना तथा नीति तर्जुमामा सल्लाह सुझाव दिने निकाय हो। यसले आर्थिक विकासको निमित्त स्रोत साधनको व्यवस्था गर्ने तथा विनियोजन गर्ने कार्यमा समन्वय र सहजीकरण गर्दछ। यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको कार्य गर्दछ। साथै यसले विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण गर्दछ। यसैगरी यसले प्रदेशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ। माननीय मुख्यमन्त्रीले प्रदेश योजना आयोगको अध्यक्षता गर्नुहुन्छ भने आयोगमा एक जना पूर्णकालीन उपाध्यक्ष, चार जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था छ।

## ४.१२.१ वित्तीय विवरण

| क्र. सं. | विवरण | वार्षिक विनियोजन | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|---|
| (क) | पुँजीगत तर्फ | २८,००,००० | १३,९६,४९० | ४९.८७ |
| (ख) | चालु तर्फ | ४,७८,८८,००० | २,१७,२९,२६८ | ४५.३८ |
| कुल जम्मा | | ५,०६,८८,००० | २,३१,२५,७५८ | |

## ४.१२.२ मुख्य मुख्य कार्यहरु

- मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) तयारीमा समन्वय गरिएको छ।
- प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत भएको छ।
- प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भएको छ।
- प्रदेश पार्श्वचित्र अद्यावधिकको अन्तिम मस्यौदा तयार भएको छ।
- वार्षिक प्रतिवेदन तयारीको क्रममा रहेको छ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम तथा विभिन्न जिल्लाहरूमाअनुगमन तथा समन्वय गरिएको छ।
- प्रदेश समृद्दिका नवीनतम आधार सम्बन्धी बृहत गोष्ठी सम्पन्न भएको छ।
- सामाजिक तथा आर्थिक रुपान्तरण कोशी प्रदेश नामक पुस्तक प्रकाशित गरिएको छ।

## ४.१२.३ प्रमुख समस्या तथा चुनौतिहरु



नि. प्रमुख सचिव

- प्रदेश अनुगमन मुल्यांकन निर्देशिका नहुनु तथा बिध्यमान प्रदेश कानूनमा कार्यक्षेत्र बाझिनु।
- आयोगका पदाधिकारी लामो समय रिक्त रहनु तथा प्राविधिक जनशक्ति रिक्त रहनु।
- कार्यालय भवन भाडाको हुनु।
- आवधिक योजनालाई छरितो र कार्यन्वयन योग्य बनाउने विषय चुनौतिपुर्ण रहनु।
- मध्यमकालीन खर्च संरचनालाई बार्षिक बजेट र आवधिक योजना बीच Tie Up गर्ने विषय पनि चुनौतिपुर्ण रहनु।

## ४.१३ मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ। प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकि दिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने छ भन्ने संवैधानिक व्यवस्था छ। प्रदेश सभामा आवश्यकता अनुसार कानूनी प्रश्नहरुमा आफ्नो राय व्यक्त गर्ने र न्यायिक अर्धन्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्तालाई रहेको छ र मुख्य न्यायाधिवक्ता कार्यालयको स्थापना २०७४।११।२४ भएको हो।

### ४.१३.१ वित्तीय विवरण

| क्र. स. | विवरण | बार्षिक विनियोजन | बार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|---|
| (क) | पुँजिगत तर्फ | | | |
| | प्रदेश स्रोत | ८,००,०००/- | ७,०८,०००/- | ८८.५% |
| | संघ सशर्त स्रोत | - | - | - |
| | समपुरक स्रोत | - | - | - |
| | पुँजिगत तर्फको जम्मा | ८,००,०००/- | ७,०८,०००/- | ८८.५% |
| (ख) | चालु तर्फ | १,८७,६०,०००/- | १,५२,०२,२९०/५० | ८१.०३% |
| | प्रदेश स्रोत | | | |
| चालु तर्फको जम्मा | | १,८७,६०,०००/- | १,५२,०२,२९०/५० | ८१.०३% |
| कुल जम्मा | | १,९५,६०,०००/- | १,५९,१०,२९०/५० | ८१.३४% |



नि. प्रमुख सचिव

### ४.१३.२ मुख्य मुख्य कार्यहरु

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | बार्षिक विनियोजन | बार्षिक खर्च | बार्षिक लक्ष्य | उपलब्धी | |
|---|---|---|---|---|---|---|
| | | | | | वित्तिय | भौतिक |
| १ | गाउँपालिका/ नगरपालिकाहरूका न्यायिक समितिहरूसँग अन्तरकृया कार्यक्रम | १२,००,०००/- | ९,७७,७९८/- | १२,००,०००/- | ९,७७,७९८/- | ७ पटक |
| २ | अन्तर प्रदेश अनुभव आदन प्रदान कार्यक्रम | २,००,०००/- | १,७३,५३६/- | २,००,०००/- | १,७३,५३६/- | १ पटक |
| ३ | उच्च अदालत / सरकारी वकिल, प्रहरी एंव वार एशोसिएनसगं कानून सम्बन्धी अन्तरकृया / गोष्ठी /सेमिनार कार्यक्रम | २,५०,०००/- | २,५०,०००/- | २,५०,०००/- | २,५०,०००/- | १ पटक |
| ४ | प्रदेश कानून सम्बन्धी क्षमता अभिवृदि / अभिमुखिकरण कार्यक्रम स्थानीय तह | ९,८०,०००/- | ७,७५,१६४/- | ९,८०,०००/- | ७,७५,१६४/- | ६ पटक |

### ४.१३.३ प्रमुख समस्या तथा चुनौतिहरु

- गाउँपालिका/नगरपालिकाहरूका न्यायिक समितिहरूसँग अन्तरकृया कार्यक्रमकमा कानूनी ज्ञानको अभाव, स्रोत साधनको अर्पयाप्ता र स्थान छनौटमा समस्या हुनु।
- अन्तर प्रदेश अनुभव आदन प्रदान कार्यक्रमा समय अभाव, भौगोलिक विकटता तथा कार्यव्यस्तता जस्ता समस्याहरु हुनु।
- प्रदेश प्रहरी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न समय कम हुनु।
- वालसुधार गृह निरीक्षण सम्बन्धी कार्यक्रममा विभिन्न समस्या हुनु।
- करागार कार्यालय तथा हिरासत अनुगमन निरीक्षण कार्यक्रममा विभिन्न समस्या देखिनु।
- क्षमता भन्दाबढी कैदी बन्दी रहनु।

नि. प्रमुख सचिव

# परिच्छेद-पाँच

## निष्कर्ष

नेपालको संविधानको भाग ५ धारा ५६ देखी ६० सम्मको व्यवस्था बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म तथा भावना तथा संविधानको अनुसूची ६, ७ र ९ मा व्यवस्था भए अनुसार प्रदेश सरकारको एकल तथा साझा अधिकारहरुको कार्यान्वयन गर्ने क्रममा कोशी प्रदेश सरकारबाट आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका काम तथा प्राप्त गरेका उपलव्धीहरुलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ। संविधान र ऐन कानून बमोजिम आफ्नो जिम्मेवारीहरु प्रभावकारी रुपमा बहन गर्दै प्रदेश भित्रका सर्वसाधारणलाई सुशासनको प्रत्याभूति गराउन तथा संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गरी संघीयता कार्यान्वयनमा प्रदेश सरकार प्रतिवद्ध रहेको छ।

संविधानले निदिष्ट गरेका अधिकारक्षेत्रलाई संस्थागत गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नको लागि कानून निर्माण गर्ने तथा प्रदेशको सुशासन र समग्र विकासका लागि आर्थिक तथा सामाजिक विकासका गतिविधिहरु अघि बढाएको छ। नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनमा संघीय सरकार र स्थानीय तह बीच पुलको काम गरेको छ।

प्रदेश सरकार राज्यको घोषित "समृद्ध नेपाल सुखी नेपाली "को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सीमित स्रोत साधनको उच्चतम उपयोग गर्दै अझ बढि सकृयताका साथ मुलूकको समग्र विकास, समृद्धि र सुशासन प्रति सदा निरन्तर प्रतिवद्ध रहेको छ।



नि. प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

# अनुसूची-१

## प्रतिवेदनको मस्यौदा कार्यदलका सदस्यहरुको नामावली

| क्र.सं. | नामथर | पद | कार्यालय | पदाधिकारी |
|---|---|---|---|---|
| १ | श्री बद्री कुमार कार्की | प्रदेश सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २ | श्री केशव कोइराला | कानून अधिकृत | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | श्री पुष्पा दाहाल | लेखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४ | श्री दिनेश ढुङ्गाना | शाखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ५ | श्री डिकेन्द्र प्रसाद सुवेदी | शाखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |



नि. प्रमुख सचिव

# अनुसूची-२

कोशी प्रदेश सरकार, आर्थिक वर्ष २०७९/०८० मा भएका काम कारवाही सम्बन्धी केही तस्विरहरु

मा. मुख्यमन्त्री हिक्मतकुमार कार्की र नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदुत डिन आर थम्प्सन बीच मिति २०७९ माघ १९ गते भएको शिष्टाचार भेटघाट।





नि. प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

उच्चस्तरीय प्रशासन सुधार कार्यदलद्वारा प्रतिवेदन हस्तान्तरण कार्यक्रम।







नि. प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

निर्माण सम्पन्न धनकुटा औद्योगिक ग्रामका भवनहरु





नि. प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

निर्माणाधिन घिनाघाट-विराटचौक सडक



अल्ट्रासाउण्डद्वारा गर्भ परीक्षण






नि. प्रमुख सचिव

धानको विउ प्रमाणीकरण



प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी झापाको गुरुयोजना






नि. प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

डिप बोरिङ्ग, खनार खा.पा.आ





नि. प्रमुख सचिव